नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना

**हरिहरभवन, ललितपुर, नेपाल**

(IDA credit – 6149 NP)

# उप-आयोजना पूर्ण प्रस्ताव तयारी, प्रस्तावन तथा मूल्याङ्कन विधि

(विश्व बैंकबाट ५ अक्टूबर २०२० मा सहमति प्राप्त र २०७७ असोज १९ गते बसेको आयोजना निर्देशन समितिको पाँचौ बैठकको सिफारिसबमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत तथा २०७७ माघ १६ को निर्णयानुसार प्रथम पटक संशोधित)

# विषय सूची


परिच्छेद-१ : परिचय ........ १
१.१ परिचय ........ १
१.१.१ आयोजना ........ १
१.१.२ पूर्ण प्रस्ताव तयारी, प्रस्तावन तथा छनौट विधि ........ २
१.२ उप-आयोजना सञ्चालन व्यवस्था ........ ३
१.३ अनुदान प्रस्ताव गर्न योग्य आवेदक संस्थाहरू ........ ३
१.४ आवेदक संस्थाको योग्यता ........ ४
१.५ अनुदान लगानी योग्य क्रियाकलापहरू ........ ५
१.६ उप–आयोजना सञ्चालनका आधारभूत शर्तहरु ........ ६
१.७ उप-आयोजनामा उत्पादनमूलक गठबन्धनको प्रारुप ........ ९
१.७.१ उत्पादनमूलक गठबन्धन ........ ९
१.७.२ उत्पादनमूलक गठबन्धनका साझेदार पात्रहरू ........ ९
१.७.३ उत्पादनमूलक गठबन्धनबाट हुने लाभ ........ ९
१.७.३.१ पशुजन्य पदार्थका उत्पादकलाई ........ ९
१.७.३.२ पशुजन्य पदार्थका खरिदकर्तालाई ........ १०
१.७.३.३ बैंक तथा वित्तीय संस्थालाई ........ १०
१.७.३.४ सरकारी निकायलाई ........ १०
१.७.४ उत्पादनमूलक गठबन्धनमा सम्झौताका किसिम ........ १०
१.७.५ आयोजनामा उत्पादनमूलक गठबन्धनका लक्षित मूल्य शृंखलाहरू ........ १०
१.७.६ उत्पादक र खरिदकर्ता ........ ११
१.७.६.१ उत्पादक ........ ११
१.७.६.२ खरिदकर्ता ........ ११
१.७.७ उत्पादनमूलक गठबन्धन र आयोजनाको अपेक्षा ........ ११
परिच्छेद-२ : उप-आयोजना पूर्ण प्रस्ताव आमन्त्रण ........ १३
२.१ उप-आयोजना पूर्ण प्रस्ताव आमन्त्रण ........ १३
२.२ उप-आयोजना पूर्ण प्रस्ताव तयारी तालिम ........ १३
२.२.१ व्यवसाय सेवा प्रदायकको सेवा प्राप्ति ........ १३
२.२.२ उप-आयोजना पूर्ण प्रस्ताव तयारी तालिम ........ १३
परिच्छेद-३ : पूर्ण प्रस्ताव तयारी, प्रस्तावन तथा मूल्याङ्कन ........ १४
३.१ उप-आयोजना पूर्ण प्रस्ताव पेस गर्नुपर्ने ........ १४
३.२ उप-आयोजना पूर्ण प्रस्तावमा समावेश हुनुपर्ने पक्ष ........ १४
३.२.१ उत्पादन योजना ........ १४
३.२.२ बजारीकरण योजना ........ १४
३.२.३ खर्च योजना ........ १४
३.२.४ वित्तीय योजना ........ १५
३.२.५ व्यवस्थापन योजना ........ १५
३.२.६ भौतिक सुविधा तथा मेशिनरी औजार सञ्चालन एव मर्मत सम्भार योजना ........ १५

३.२.७ सामाजिक उत्तरदायित्व योजना....................................................................................... १५
३.२.८ सामाजिक तथा वातावरणीय व्यवस्थापन योजना .................................................................. १५
३.२.९ दिगोपना योजना ................................................................................................ १५
३.३ उप-आयोजना पूर्ण प्रस्तावको ढाँचा .............................................................................. १६
खण्ड-१ः उप–आयोजनाको परिचय ..................................................................................... १६
खण्ड-२ः उप–आयोजनाको विस्तृत विवरण.............................................................................. २२
३.४ उप-आयोजना पूर्ण प्रस्तावसाथ पेस गर्नुपर्ने कागजातहरू ......................................................... ३८
३.५ उप-आयोजना पूर्ण प्रस्ताव पेस गर्ने ............................................................................... ४०
३.६ उप-आयोजना पूर्ण प्रस्ताव मूल्याङ्कन व्यवस्था ...................................................................... ४०
३.६.१ आयोजना व्यवस्थापन कार्यालय तहमा मूल्याङ्कन ................................................................ ४१
३.६.२ विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालय तहमा मूल्याङ्कन................................................. ४१
३.६.३ उप-आयोजना पूर्ण प्रस्ताव मूल्याङ्कनका आधार..................................................................... ४१
३.७ स्वीकृति ............................................................................................................ ४३
३.८ वार्ता र सम्झौता.................................................................................................... ४३
३.९ अनुदान उपयोगका शर्तहरु ......................................................................................... ४३
परिच्छेद-४ : उप-आयोजना कार्यान्वयन, अनुगमन र अनुदान प्रवाह............................................................ ४४
४.१ उप-आयोजना कार्यान्वयन .......................................................................................... ४४
४.२ उप-आयोजना अनुगमन र प्रगति प्रेषण............................................................................... ४४
४.३ अनुदान रकम भुक्तानी................................................................................................ ४४
४.४ अनुदान रद्द गर्न सकिने.............................................................................................. ४५
४.५ गुनासो व्यवस्थापन प्रकिया............................................................................................ ४५
४.६ व्याख्या तथा वाधा अड्काउ फुकाउ..................................................................................... ४५
अनुसूचीहरु ............................................................................................................. ४६
अनुसूची-१ः उप-आयोजना पूर्ण प्रस्ताव पेस गर्ने आमन्त्रण पत्र ..................................................... ४६
अनुसूची-२ः विगत दुई वर्षभित्र अनुदान सहयोग नलिएको स्वघोषणा ................................................. ४७
अनुसूची-३ः उप-आयोजनाको प्रस्तावित कार्ययोजनाको नमूना............................................................. ४८
अनुसूची-४ः उत्पादनमूलक गठबन्धनमा उत्पादक र क्रेताबीच गरिने सम्झौता पत्रको नमूना................................ ५१
अनुसूची-५ः आवेदक संस्था बैंक वा वित्तीय संस्थाको कालो सूचीमा नपरेको स्वघोषणा ................................. ५२
अनुसुची-६ः उप-आयोजना पूर्ण प्रस्ताव मूल्याङ्कनकर्ता विज्ञको योग्यता ............................................... ५३
अनुसुची-७ः उप-आयोजना पूर्ण प्रस्ताव मूल्याङ्कन......................................................................... ५४
अनुसूची-८ः पूरक अनुदान सम्झौता गर्न आउने आमन्त्रण पत्रको ढांचा...................................................... ५८
अनुसूची-९ः आयोजना र अनुदानग्राही संस्थाबीच गरिने अनुदान सम्झौताको नमूना........................................... ५९
तालिका-१ः आयोजना लागू भएका जिल्ला तथा नगर र गाउँपालिकाहरु................................................... १
तालिका-२ः अनुदान योग्य आवेदक संस्थाहरु ............................................................................ ३
तालिका-३ः अनुदान योग्य क्रियाकलापहरु.................................................................................. ५
तालिका-४ः लागत बाँडफाँडको उदाहरण.................................................................................. ८
तालिका-५ः मूल्य शृंखला अनुसार निर्धारित उप-आयोजना संख्या.......................................................... ८
तालिका-६ः विकेन्द्रीकृत आयोजना सहयोग इकाई अनुसार निर्धारित उप-आयोजना सङ्ख्या.................................... ८

तालिका-७: उप-आयोजना पूर्ण प्रस्तावसाथ पेस गर्नुपर्ने कागजातहरू ...... ३८
तालिका-८: उप-आयोजना पूर्ण प्रस्ताव मूल्याङ्कनका आधारहरु ...... ४२
तालिका-९: अनुदान रकम भुक्तानी तालिका ...... ५९

# परिच्छेद-१ : परिचय

## १.१ परिचय

### १.१.१ आयोजना

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना विश्व बैंकको ऋण सहयोगमा सञ्चालित कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको राष्ट्रिय स्तरको आयोजना हो । यो आयोजना देशका २८ जिल्लाका २८९ नगर तथा गाउँपालिकाहरूमा (तालिका-१) आ.व.२०७४/०७५ देखि कार्यान्वयनमा रहेको छ । यस आयोजनालाई परिवर्तक आयोजनाका रूपमा पनि परिभाषित गरिएको छ। यो आयोजना आ.व.२०७९/८० सम्म चालू रहनेछ।

तालिका-१: आयोजना लागू भएका जिल्ला तथा नगर र गाउँपालिकाहरु

| प्रदेश | आयोजना लागू भएका जिल्लाहरू | जिल्ला सङ्ख्या | गाँउ तथा नगर पालिकाहरूको सङ्ख्या | जिम्मेवार विकेन्द्रीकृत आयोजना सहयोग इकाई |
|---|---|---|---|---|
| प्रदेश नं. १ | पाँचथर, इलाम, झापा, धनकुटा, उदयपुर, मोरङ्ग र सुनसरी | ७ | ७७ | विराटनगर |
| प्रदेश नं. २ | सप्तरी, धनुषा र सिरहा | ३ | ५३ | हेटौँडा |
| बागमती | काभ्रेपलाञ्चोक, काठमाडौं, मकवानपुर र चितवन | ४ | ४१ | हेटौँडा |
| गण्डकी | स्याँङ्गजा, कास्की, मनाङ्ग, मुस्ताङ्ग, तनहुँ, स्याग्दी र नवलपरासी (पूर्व) | ७ | ४९ | पोखरा |
| प्रदेश नं. ५ | रूपन्देही, नवलपरासी (पश्चिम), कपिलबस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी र बर्दिया | ७ | ६९ | बुटवल |
| जम्मा | | **२८** | **२८९** | |

आयोजनाले नेपालको पशु सेवा क्षेत्रको सुदृढीकरण गर्दै नवीन प्रविधिहरुका माध्यमबाट दूध तथा दुग्धजन्य पदार्थ, खसीबोकाको मासु र च्याङ्ग्रा पश्मिनाको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने लक्ष्य राखेको छ। जसमध्ये दूध तथा दुग्ध पदार्थ मूल्य शृंखला र खसीबोकाको मासु मूल्य शृंखलाले आयात न्यूनीकरणमा र च्याङ्ग्रा पश्मिना मूल्य शृंखलाले निर्यात प्रबर्द्धनमा सघाउ पुऱ्याउने छ।




चित्र-१: आयोजना लागू भएका जिल्लाहरु

### १.१.२ पूर्ण प्रस्ताव तयारी, प्रस्तावन तथा छनौट विधि

प्रस्तुत **उप-आयोजना पूर्ण प्रस्ताव तयारी, प्रस्तावन तथा छनौट विधि** आयोजनाद्वारा लक्षित दूध, खसीबोकाको मासु र पश्मिना मूल्य शृंखलाका उत्पादनमूलक गठबन्धनमा आधारित उत्कृष्ट व्यवसाय योजनाहरुलाई आयोजनाले उपलब्ध गराउने पूरक अनुदान प्राप्त गर्न उप-आयोजना पूर्ण प्रस्ताव तयार पार्न आवश्यक पर्ने विवरण र कागजातहरूका बारेमा आवेदक संस्थाहरूलाई अग्रिम जानकारी दिन तथा प्राप्त पूर्ण प्रस्तावहरु "कुनै पनि योग्य संस्थाहरू नछुटुन् तथा नदोहोरिउन्" भन्ने उद्देश्य बमोजिम मूल्याङ्कन गर्न सहयोग पुऱ्याउने उद्देश्यले तयार पारिएको छ । यस **उप-आयोजना पूर्ण प्रस्ताव तयारी, प्रस्तावन तथा छनौट विधि**मा विश्व बैंकको समेत सहमति प्राप्त भएको छ । आयोजना कार्यान्वयन गर्ने क्रममा प्राप्त हुने सिकाईहरुको आधारमा यस विधिमा आवश्यक थप सुधारहरु गरिने छ ।

यो उप-आयोजना पूर्ण प्रस्ताव तयारी, प्रस्तावन तथा छनौट विधि तर्जुमा गर्नुका उद्देश्यहरु यस प्रकार छन:

(क) पूरक अनुदान प्रक्रियामा सहभागी हुने आवेदक संस्थाहरूलाई आवेदक बन्न चाहिने योग्यता र आवश्यक पर्ने कागजातहरूको बारेमा जानकारी प्रदान गर्ने ।

(ख) आवेदक संस्थाहरूलाई सम्भाव्य उप-आयोजना पूर्ण प्रस्ताव तयार पार्न सहयोग गर्ने ।

(ग) प्राप्त उप-आयोजना पूर्ण प्रस्तावहरुको निष्पक्ष र तटस्थ मूल्याङ्कन गर्ने आधार तथा मापदण्डहरु तयार पार्ने ।

(घ) प्राप्त उप-आयोजना प्रस्तावहरुको मूल्याङ्कनका आधारहरु र प्रस्ताव कार्यान्वयनमा प्रस्तावकको भूमिका बारेमा आवेदकहरुलाई जानकारी गराउने ।

(ङ) उप–आयोजना कार्यान्वयन शुरु भएपछि स्वीकृत योजना अनुरुप काम भए/नभएको यकिन गर्न गरिने अनुगमन र प्रगति प्रतिवेदन प्रेषण व्यवस्था सम्बन्धमा आवेदकलाई जानकारी गराउने ।

## १.२ उप-आयोजना सञ्चालन व्यवस्था

आयोजनाले उत्पादनकर्ता र खरिदकर्ताबीचको उत्पादनमूलक गठबन्धनका माध्यमबाट तयार पारिएका उप-आयोजना ( व्यावसायिक योजना) प्रस्तावहरूलाई आयोजनाको निर्धारित मापदण्ड अनुसार मूल्याङ्कन गरी करिब ५०० वटा उत्कृष्ट उप-आयोजनाहरूलाई प्रतिस्पर्धाका आधारमा लगानीको ५० प्रतिशत वा अधिकतम रु. १ करोडसम्म पूरक अनुदान उपलब्ध गराउने छ । यसरी पूरक अनुदान प्राप्त गर्न चाहने आवेदक संस्थाहरूले उप-आयोजनाको कूल लगानीको २० प्रतिशत स्वलगानी र ३० प्रतिशत वित्तीय संस्थाको ऋण सहयोग गरी कम्तीमा पनि ५० प्रतिशत लगानी आफ्नै स्रोतबाट जुटाउनु पर्नेछ ।

आयोजनाबाट आवेदक संस्थाहरूलाई उप-आयोजना सञ्चालनको लागि पूरक अनुदान प्रदान गर्दा निम्न तीन चरणमा मूल्याङ्कन गरिने छ ।

(१) उप-आयोजनाको अवधारणा पत्र मूल्याङ्कन ।

(२) अवधारणा पत्रमा उल्लेखित विवरणहरुको स्थलगत प्रमाणीकरण मूल्याङ्कन ।

(३) उप-आयोजना पूर्ण प्रस्तावको मूल्याङ्कन ।

विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयले गरेको उप-आयोजना अवधारणा पत्रको मूल्याङ्कनको निर्णय प्रदेश स्तरीय आयोजना समन्वय समितिले अनुमोदन गरेपछि मूल्याङ्कनद्वारा छनौट भएका आवेदक संस्थाहरुलाई विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयहरुले स्थलगत प्रमाणीकरण टोलीको सुझाव समेत समावेश गरी सार्वजनिक सूचनाद्वारा ३० दिन भित्र उप-आयोजना पूर्ण प्रस्ताव पेस गर्न आमन्त्रण गर्नेछन । उप-आयोजना अवधारणा पत्र छनौट भएका आवेदकहरुले आयोजनाद्वारा निर्धारित ढाँचामा आवश्यक अन्य कागजात र प्रमाणहरु सहित सो म्याद भित्र तोकिएको कार्यालयमा आफ्नो उप-आयोजना पूर्ण प्रस्ताव पेस गर्नुपर्ने छ ।

## १.३ अनुदान प्रस्ताव गर्न योग्य आवेदक संस्थाहरू

आयोजनाबाट उपलब्ध गराइने उप-आयोजना सञ्चालन पूरक अनुदान सहयोगका लागि तालिका-२ मा प्रस्तुत चार[1] प्रकारका आवेदक संस्थाहरु  योग्य हुनेछन्:

तालिका-२: अनुदान योग्य आवेदक संस्थाहरु

| आवेदक संस्था | दर्ता भएको निकाय |
|---|---|
| कृषक समूह | साविकको जिल्ला पशु सेवा कार्यालय मार्फत गठन भई हाल क्रियाशील रहेका वा स्थानीय तहमा नियमानुसार दर्ता भएका । |

[1] प्रथम संशोधन, २०७७ बमोजिम थप गरिएको ।

| आवेदक संस्था | दर्ता भएको निकाय |
|---|---|
| सहकारी संस्थाहरू | सहकारी ऐन २०७४ वा प्रचलित कानून बमोजिम दर्ता भएका । |
| उत्पादक संघहरू | संघसंस्था दर्ता ऐन अन्तर्गत जिल्ला प्रशासन कार्यालयमा वा प्रचलित कानून बमोजिम दर्ता भएका । |
| [2]निजी फर्म, कम्पनी | घरेलु तथा साना उद्योग कार्यालय, कम्पनी रजिस्टारको कार्यालय वा अन्य अधिकार प्राप्त निकाय । |

## १.४ आवेदक संस्थाको योग्यता

(क) आवेदक संस्था दूध तथा दुग्ध पदार्थ, खसीबोकाको मासु तथा मासुजन्य पदार्थ र च्याँग्रा/पश्मिना उत्पादन तथा प्रशोधन गरी कुनै एक मूल्य शृंखलामा काम गर्ने उद्देश्यले गठन तथा दर्ता भएको हुनु पर्नेछ ।

(ख) आवेदक संस्था दर्ता हुदाको उद्देश्यसँग सम्बन्धित मूल्य शृंखलामा मात्र उप-आयोजना पूर्ण प्रस्ताव पेस गर्न पाइने छ ।

(ग) प्रस्तावक संस्थाको कार्यक्षेत्र आयोजना लागू भएका २८ जिल्लामा हुनु पर्नेछ तर, खरिदकर्ता भने जुनसुकै जिल्लाका पनि हुन सक्नेछन् ।

(घ) प्रस्तावक संस्थाले हाल व्यवसाय सञ्चालन गरिरहेको भए सो व्यवसाय नाफामा सञ्चालन (नाफा नोक्सान देखिने वासलात तथा कर तिरेको प्रमाणहरु संग्लग्न हुनु पर्ने) भइरहेको हुनुपर्ने छ । प्रस्तावित व्यवसाय नयाँ भए यो बुँदा लागू हुने छैन ।

(ङ) आवेदक संस्थाले ऋण माग गर्दा धितोमा राखिने सम्पत्ति वा जेथाको स्वामित्व निवेदक संस्था वा प्रस्तावक संस्थाका सदस्यहरूमा रहेको हुनु पर्नेछ वा सो धितो ऋण प्रदान गर्ने बैंक वा वित्तीय संस्थालाई सो संस्थाको प्रचलित नियम अनुसार स्वीकार्य हुनुपर्नेछ ।

(च) आवेदक कुनै पनि वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा नपरेको हुनु पर्नेछ । यसका लागि आवेदकले स्व-घोषणा गर्नु पर्नेछ ।

(छ) आवेदकले विगत दुई वर्ष यता कुनै पनि सरकारी वा दातृ निकायले सञ्चालन गरेको कार्यक्रम वा आयोजनाबाट सोही कामको लागि रू. १० लाख वा सोभन्दा बढी नगद, प्राविधिक वा भौतिक अनुदान सहयोग नलिएको हुनु पर्नेछ (यस सम्बन्धमा आवेदकले स्वघोषणा गर्नुपर्नेछ) । रू. १० लाख भन्दा कम अनुदान सहयोग प्राप्त गरेको भए सो अनुदान दुरूपयोग नभएको हुनु पर्नेछ र आवेदकले त्यसको पनि स्वघोषणा गर्नु पर्नेछ ।

[2] प्रथम संशोधन, २०७७ बमोजिम थप गरिएको ।

## १.५ अनुदान लगानी योग्य क्रियाकलापहरू

लक्षित मूल्य शृंखलाका निम्न बस्तु र सेवाहरूको उत्पादन तथा उत्पादकत्व बढाउने कार्यको लागि लगानी गर्न पेस गरिने प्रस्तावहरू अनुदान प्राप्त गर्न योग्य मानिने छन्:

तालिका-३: अनुदान योग्य क्रियाकलापहरु

| | |
|---|---|
| उत्पादन अगाडिका क्रियाकलापहरु | • नर्सरी, पशु आहारा उद्योग, ग्रामीण क्षेत्रमा सहकारी मार्फत उन्नत घाँसको बीउ, बेर्ना उत्पादन, बीउ प्रशोधन र भण्डारण ।<br>• उत्पादनशील उन्नत पशुबस्तु उत्पादन, स्रोत केन्द्र स्थापना तथा सञ्चालन ।<br>• छनोटमा परेका लक्षित मूल्य शृंखलाका पशुजन्य उत्पादनको उत्पादन वृद्धि तथा प्रशोधन तथा यान्त्रिकीकरण (घाँसको बीउ छर्ने, घाँस काट्ने तथा साइलेज बनाउने र भण्डारण गर्ने, पशु वधशाला, वधस्थल, दूध चिस्यान केन्द्र निर्माण, सञ्चालन तथा भण्डारणका लागि आवश्यक मेशिन, उपकरण तथा विशेष यन्त्र जडित ढुवानीको साधन) ।<br>• चरन विकास (बीउ खरिद, सिंचाई, मल आदि) ।<br>• प्राविधिक क्षमता विकास ।<br>• च्याँग्राको घुम्ती गोठ निर्माण तथा सञ्चालन ।<br>• पानी संकलन तथा उपयोग ।<br>• दूध, मासु तथा पश्मिना प्रशोधन कारखाना तथा पशुपालन व्यवसायबाट निस्कने फोहर व्यवस्थापन आदि ।<br>• डिपिङ्ग ट्याङ्क निर्माण (बाख्राको लागि) ।<br>• विज्ञ परामर्श सेवाहरू जस्तै इन्जिनीयरिङ्ग तथा मेशिनरी उपकरण जडान आदि । |
| उत्पादनको समयका क्रियाकलापहरु | • नश्ल सुधार (उन्नत जातका साँढे, राँगा, बोका खरिद) ।<br>• गुणस्तरीय सिमेन (सेक्स्ड सिमेन सहित) र कृत्रिम गर्भाधान गर्न चाहिने उपकरणहरू ।<br>• घाँसका बेर्ना तथा बीउका स्रोत केन्द्र स्थापना ।<br>• वैज्ञानिक आहारा व्यवस्थापन र अभ्यास ।<br>• सुधारिएको गोठ (बार वन्देज सहित), पशुले पानी खाने डुँड (स्वचालित र अर्ध-स्वचालित) ।<br>• बर्डिजो क्यास्ट्रेटर, पशु तौलने तराजु आदि ।<br>• सोलारबाट पानी तान्ने, तताउने र चिसो बनाउने सुविधा ।<br>• पशु स्वास्थ्य किट आदि ।<br>• पानीको बोरिङ्ग ।<br>• खोप, जुकाको औषधी, पशु स्वास्थ्य व्यवस्थापन ।<br>• असल पशुपालन अभ्यास, स्वच्छ दूध उत्पादन (दूध दुहुने मेशिन/मिल्किङ्ग पार्लर निर्माण समेत) ।<br>• पशु स्रोत केन्द्र विकास (गाई/भैसी, बाखा, च्याँङ्ग्रा) ।<br>• पशु पहिचान तथा फार्म जैविक सुरक्षा व्यवस्था ।<br>• फार्म मेशिनरी, औजार तथा उपकरणहरू- काउम्प्याट तथा जेट प्रेसर आदि । |

| | |
|---|---|
| उत्पादनपछिका क्रियाकलापहरु | • दूध, बाख्रा, च्याँङ्ग्रा र पश्मिना सङ्कलन केन्द्र ।<br>• चिस्याउने सुविधा सहितका पशुजन्य उत्पादनका ढुवानी साधन ।<br>• चिस्यान केन्द्र (कोल्ड रुम) समेत भण्डारण सुविधाहरु ।<br>• मासु, दूध प्रशोधन (प्याकेजिङ्ग, ब्रान्डिङ्ग समेत) ।<br>• दूध तथा मासु परीक्षण गर्ने उपकरणहरू ।<br>• उत्पादन विविधीकरणका लागि आवश्यक मेशिनरी तथा उपकरणहरू ।<br>• गोबर ग्याँस प्लान्ट जडान ।<br>• पश्मिनाको धागो कात्ने मेशिन ।<br>• गोठेमल उत्पादन तथा व्यवस्थापन । |

## १.६ उप-आयोजना सञ्चालनका आधारभूत शर्तहरु

आयोजनाले सालबसाली वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमको परिधि भित्र रही निश्चित हदम्याद सहितको सार्वजनिक सूचना मार्फत योग्य कृषक समूह, सहकारी संस्था, उत्पादक संघ, निजी फर्म र कम्पनीहरुबाट उप-आयोजना अवधारणा पत्र तथा उप-आयोजना पूर्ण प्रस्ताव आह्वान गर्ने छ[3] ।

आयोजनाको पूरक अनुदान प्रवाह र उप-आयोजना सञ्चालनका आधारभूत शर्तहरु निम्नानुसार हुनेछन:

(क) आयोजनाले (१) दूध तथा दुग्धपदार्थ, (२) मासु तथा मासुजन्य पदार्थ र (३) च्याँङ्ग्रा पश्मिना मूल्य शृंखलामा मात्र पूरक अनुदान उपलब्ध गराउने छ ।

(ख) पूरक अनुदानका लागि पेस भएका उप-आयोजना पूर्ण प्रस्तावहरू उत्पादनमूलक गठबन्धनको आधारमा तयार पारिएको हुनु पर्नेछ ।

(ग) प्रस्ताव गरिएको उप-आयोजना सञ्चालन गर्नको लागि आवेदक संस्थाले उप-आयोजनाको कूल लागतको कम्ती पनि ३० प्रतिशत अंश नेपाल राष्ट्र बैंकको इजाजत प्राप्त कुनै एक बैंक वा वित्तीय संस्थाबाट ऋण स्वीकृत गराई थप २० प्रतिशत अंश नगदै सम्बन्धित बैंक वा वित्तीय संस्थामा जम्मा गरेपछि मात्र बाँकी ५० प्रतिशत अंश (बढीमा रू. १ करोडसम्म) आयोजनाले पूरक अनुदानको रूपमा अनुदान सम्झौता र अनुदान भुक्तानी तालिका (तालिका-९) बमोजिम सम्बन्धित आवेदक संस्थालाई बैंक मार्फत उपलब्ध गराउने छ ।

(घ) आवेदक संस्थाले प्रस्तावित उप-आयोजनाको आफूले व्यहोर्नु पर्ने कूल लगानीको न्यूनतम ५० प्रतिशत अंश बैंक वा वित्तीय संस्थाबाट पूरै ऋण लिएर समेत व्यहोर्न सक्नेछन् ।

(ङ) चालू व्यवसायको हकमा हाल प्रयोग भइरहेका र नयाँको हकमा प्रयोग हुने स्थानीय सामग्री तथा श्रमलाई अनुदानग्राही वा उनीहरूका लाभग्राहीले व्यहोर्ने लगानीको अंश गणना गर्ने प्रयोजनको लागि अनुदानग्राहीको योगदान गणनामा समावेश गरिने छैन ।

(च) आवेदक संस्थासँग एउटा ठूलो पशु वा चारवटा बाख्रापालन गर्नका लागि कम्तीमा पनि एक रोपनी (डेढ कट्ठा) का दरले जग्गा उपलब्ध हनुपर्ने छ तर, ५० (पचास) भन्दा बढी गाई वा २०० (दुई सय) भन्दा बढी बाख्रापालन गर्ने उप-आयोजनाको हकमा कम्तीमा ५० रोपनी (७५ कट्ठा) आफ्नै स्वाभित्वको वा भाडामा लिएको जमिन भए

[3] प्रथम संशोधन, २०७७ बमोजिम थप गरिएको ।

पनि स्वीकार्य हुनेछ । जमिन भाडामा लिएको भए भाडा अवधि कम्तीमा पनि ५ वर्षको हुनु पर्नेछ र सो जमिन भाडामा लिने दिने संझौता नोटरी पब्लिकद्वारा प्रमाणित समेत गरिएको हुनुपर्नेछ ।

(छ) उप-आयोजना पूर्ण प्रस्तावमा सञ्चालन खर्चको लागत उप-आयोजनाको कूल लागतको ३० प्रतिशतमा नबढ्ने गरी प्रस्ताव गर्नुपर्ने छ ।

(ज) उप-आयोजना पूर्ण प्रस्तावको प्राविधिक तथा आर्थिक पक्षको निष्पक्ष मूल्याङ्कन पश्चात मात्र आयोजनाबाट पूरक अनुदान प्रदान गरिने छ ।

(झ) आयोजनाले प्रदान गर्ने अनुदान पूरक अनुदान हुनेछ र सो अनुदान प्रतिस्पर्धाको आधारमा छनौट भएका योग्य उप-आयोजना प्रस्तावहरू सञ्चालन गर्नका लागि प्रदान गरिने छ ।

(ञ) आयोजनाले मूल्याङ्कनमा आधारित अनुदान भुक्तानी पद्धति पालना गर्नेछ । यसको अर्थ, अनुदान रकम अनुदानग्राहीसँग भएको सम्झौता अनुरूप उल्लेखित कोसे ढुङ्गा र तोकिएका क्रियाकलापहरू सम्पन्न भए/नभएको स्थलगत मूल्याङ्कनपछि मात्र मूल्याङ्कन नतिजाको आधारमा बढीमा ३ (तीन) किस्तामा उपलब्ध गराइने छ ।

(ट) अनुदान सम्झौतामा हस्ताक्षर भएको मिति भन्दा पहिले सम्पन्न भएका क्रियाकलापहरूमा अनुदान रकम खर्च गर्न पाइने छैन ।

(ठ) एउटा आवेदक संस्था वा त्यसका सदस्यलाई आयोजना अवधिमा एक पटक भन्दा बढी पटक अनुदान दिइने छैन ।

(ड) आवेदकले विगत दुई वर्ष यता कुनै पनि सरकारी वा दातृ निकायहरूले सञ्चालन गरेको कार्यक्रम वा आयोजनाबाट सोही कामको लागि रू. १० लाख वा सोभन्दा बढी नगद, प्राविधिक वा भौतिक अनुदान सहयोग लिएको हुनु हुदैन ( यस सम्बन्धमा आवेदकले स्व-घोषणा गर्नुपर्नेछ) । रू. १० लाखभन्दा कम अनुदान सहयोग प्राप्त गरेको भए सो अनुदान दुरूपयोग नभएको हुनुपर्ने छ र त्यसको पनि अनुसूची २ बमोजिम स्वघोषणा गर्नु पर्नेछ ।

(ढ) आयोजनाबाट पूरक अनुदान प्राप्त गर्ने आवेदक संस्थाले आयोजनाले तोकेको वातावरणीय र सामाजिक सुरक्षाका प्रावधानहरू पालना गर्नु पर्नेछ ।

(ण) कृषक समूह, सहकारी तथा उत्पादक संस्थाले पेस गरेको उप-आयोजना पूर्ण प्रस्तावमा कम्तीमा ४५ प्रतिशत लाभग्राही महिला हुनु पर्नेछ ।

(त) उप-आयोजना प्रस्ताव गरिएको स्थान र मूल्य शृंखला परिवर्तन गरी उप-आयोजना सञ्चालन गर्न पाइने छैन ।

(थ) उप-आयोजना प्रस्ताव उत्पादनमूलक गठबन्धनको आधारमा तयार पारिएको हुनुपर्नेछ र उक्त प्रस्तावको खरिदकर्ताले आयोजनाबाट कुनै अनुदान पाउने छैन ।

(द) आयोजनाले प्रदान गर्ने अनुदान दूध, खसीबोकाको मासु र पश्मिना मूल्य शृंखलामा मात्र उपलब्ध गराइने छ र पूरक अनुदानको अंश तालिका-४ मा देखाएबमोजिम उप-आयोजनाको कूल लगानीको ५० प्रतिशत वा बढीमा रु. १ करोडसम्म हुनेछ ।

(ध) आयोजनाको पूरक अनुदान अन्तर्गतको विनियोजनलाई सम्भव भएसम्म ४० प्रतिशत साना र ६० प्रतिशत मझौला उद्यमका लागि उपलब्ध गराइनेछ ।

तालिका-४: लागत बाँडफाँडको उदाहरण

| सि.नं. | आवेदक संस्थाहरूले ब्यहोर्नु पर्ने न्यूनतम रकम २०% | आवेदक संस्थाले वित्तीय संस्थाबाट लिनु पर्ने ऋण रकम न्यूनतम ३०% | आयोजनाले प्रदान गर्ने पूरक अनुदान रकम ५०% | उप-आयोजना प्रस्तावको कूल लगानी रकम १००% |
|---|---|---|---|---|
| १ | २ लाख | ३ लाख | ५ लाख | १० लाख |
| २ | ४ लाख | ६ लाख | १० लाख | २० लाख |
| ३ | १० लाख | १५ लाख | २५ लाख | ५० लाख |
| ४ | २० लाख | ३० लाख | ५० लाख | १ करोड |
| ५ | ४० लाख | ६० लाख | १ करोड | २ करोड |

(न) अनुदान प्रवाह गर्ने प्रयोजनका लागि निर्धारित उप-आयोजना सङ्ख्याः आयोजनाबाट प्रदान गरिने पूरक अनुदानको लागि विभिन्न मूल्य शृंखलाको लागि निर्धारित उप-आयोजनाहरुको संख्या तालिका-५ अनुसार हुनेछ।

तालिका-५ : मूल्य शृंखला अनुसार निर्धारित उप-आयोजना संख्या

| सि.नं. | पशुजन्य मूल्य शृंखला | अनुमानित उप-आयोजना (सङ्ख्या) | जिल्ला (सङ्ख्या) |
|---|---|---|---|
| १. | दूध तथा दुग्धपदार्थ | २२५ | २६ जिल्ला |
| २. | मासु तथा मासुजन्य पदार्थ | २२५ | २६ जिल्ला |
| ३. | च्याङ्ग्रा पश्मिना | ५० | २ जिल्ला (मुस्ताङ्ग र मनाङ्ग) |
| | **कूल जम्मा** | **५००** | **२८ जिल्ला** |

आयोजना अवधिभरमा विभिन्न विकेन्द्रीकृत आयोजना सहयोग इकाईहरु अन्तर्गत छनौट गरिने उप-आयोजनाहरूको सङ्ख्या तालिका-६ बमोजिम हुनेछ।

तालिका-६ : विकेन्द्रीकृत आयोजना सहयोग इकाई अनुसार निर्धारित उप-आयोजना सङ्ख्या

| विकेन्द्रीकृत आयोजना सहयोग इकाई | जिल्ला सङ्ख्या | जम्मा छुट्याइएको उप-आयोजना सङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | दूध | बाखा | च्याङ्ग्रा/पश्मिना | जम्मा |
| बिराटनगर | ७ | ५८ | ५८ | - | ११६ |
| हेटौँडा | ७ | ५९ | ५९ | - | ११८ |
| पोखरा | ७ | ५० | ५० | ५० | १५० |
| बुटवल | ७ | ५८ | ५८ | - | ११६ |
| **जम्मा** | **२८** | **२२५** | **२२५** | **५०** | **५००** |

(प) उप-आयोजना पूर्ण प्रस्तावहरुको मूल्याङ्कन एउटा जिल्लाबाट कम्तीमा पनि ४ (चार) वटा उत्कृष्ट प्रस्तावहरू छनौट हुने प्रकारले जिल्ला बमोजिम गरिने छ। तर, कुनै जिल्लाबाट आवश्यक संख्यामा उप-आयोजना अवधारणा पत्रहरु छनौट नभएमा वा पर्याप्त उप-आयोजना पूर्ण प्रस्तावहरु पेस नभएमा वा पेस भए पनि मूल्याङ्कनमा आवश्यक संख्याका अवधारणा पत्र वा पूर्ण प्रस्तावहरु योग्य नपाइएमा अन्य जिल्लाको सोही मूल्य शृंखलाको अवधारणा पत्र वा पूर्ण प्रस्ताव छनौट गरी माथिको लक्षित संख्या पुऱ्याइनेछ। यसरी अन्य जिल्लाबाट संख्या पुऱ्याउदा प्रदेश स्तरीय आयोजना समन्वय समितिबाट अनुमोदन गराइने छ। उप-आयोजनाको पूर्ण प्रस्ताव पेस गर्न आयोजना व्यवस्थापन इकाईवाट सार्वजनिक सूचना मार्फत आह्वान गरिने छ।

## १.७ उप-आयोजनामा उत्पादनमूलक गठबन्धनको प्रारुप

### १.७.१ उत्पादनमूलक गठबन्धन

निश्चित उद्देश्य प्राप्तीको लागि पशुजन्य पदार्थको उत्पादक र खरिदकर्ताबीच दुबै पक्षले लाभ पाउने गरी गरिएको मैत्रीपूर्ण सम्झौता उत्पादनमूलक गठबन्धन हो।

उत्पादनमूलक गठबन्धनको सफल कार्यान्वयन पश्चात उप-आयोजना सञ्चालनमाः

- जोखिमको न्यूनीकरण हुनेछ।
- प्राप्त हुने नाफा बाँडिनेछ।
- अनुदान प्राप्त हुने भएकाले साझेदारीको कार्यान्वयन दिगो हुनेछ।

### १.७.२ उत्पादनमूलक गठबन्धनका साझेदार पात्रहरू

- पशुजन्य पदार्थका उत्पादक र उत्पादन गर्ने संस्था वा समूहहरू।
- पशुजन्य पदार्थका एक वा सो भन्दा बढी खरिदकर्ताहरु।
- सरकारी निकायहरु।
- वित्तीय संस्थाहरु।

### १.७.३ उत्पादनमूलक गठबन्धनबाट हुने लाभ

#### १.७.३.१ पशुजन्य पदार्थका उत्पादकलाई

- उप-आयोजना प्रस्ताव मूल्याङ्कनका आधारमा आयोजनाबाट पूरक अनुदान प्राप्त हुने।
- उत्पादन वृद्धि गर्न प्राविधिक सहायता प्राप्त हुने।
- उत्पादनको परिमाण र गुणस्तर वृद्धि गर्न सहयोग प्राप्त हुने।
- बजारमा उत्पादनको पहुँच सुनिश्चित हुने।
- व्यवसायीहरु उद्यमी बन्न सहयोग पुग्ने।
- व्यवसाय सञ्चालन गर्न बैङ्क तथा वित्तीय संस्थाबाट ऋण प्राप्त गर्न सहयोग पुग्ने।

### १.७.३.२ पशुजन्य पदार्थका खरिदकर्तालाई

- बजारको माग अनुसार आवश्यक परिमाणका बस्तु निर्धारित दरमा उत्पादकहरूबाट प्राप्त हुने ।
- प्राप्त भएका पशुजन्य बस्तुहरु गुणस्तरीय हुने ।
- पशुजन्य बस्तुहरू उत्पादन हुने स्थान निश्चित हुने भएकोले खरिदकर्ताको ढुवानी तथा अन्य लागत कम हुने ।

### १.७.३.३ बैंक तथा वित्तीय संस्थालाई

- लगानीको उपयुक्त वातावरण बन्ने ।
- लगानीमा जोखिम कम हुने ।
- प्राथमिकता प्राप्त पशुपालन क्षेत्रमा लगानी बढ्ने ।
- लगानी रकम समयमै असुली हुने ।
- पशुपन्छी बीमा अनिवार्य रुपमा लागू गरिने भएकोले लगानी सुरक्षित रहने ।

### १.७.३.४ सरकारी निकायलाई

- पूरक अनुदानको सदुपयोग हुने ।
- उप-आयोजनाहरू दिगोरूपमा सञ्चालन हुने ।
- स्थानीय स्तरमै रोजगारीका अवसरहरू सिर्जना हुने ।

### १.७.४ उत्पादनमूलक गठबन्धनमा सम्झौताका किसिम

- उत्पादक-उत्पादकबीच हुने परस्पर लाभ सहितको मैत्रीपूर्ण समतल सम्झौता ।
- उत्पादक र खरिदकर्ताबीच हुने परस्पर लाभ सहितको मैत्रीपूर्ण ठाडो सम्झौता ।

### १.७.५ आयोजनामा उत्पादनमूलक गठबन्धनका लक्षित मूल्य शृंखलाहरू

उत्पादनकर्ता र खरिदकर्ताबीचको उत्पादनमूलक गठबन्धनका आधारमा तयार पारिने निम्न मूल्य शृंखलाका उप-आयोजना सञ्चालनको लागि उप-आयोजना पूर्ण प्रस्ताव पेस गर्ने योग्य आवेदक संस्थालाई मात्र पूरक अनुदान प्रदान गरिने छ । यस पद्धतिमा गठबन्धनका अर्को पात्र खरिदकर्तालाई आयोजनाबाट अनुदान उपलब्ध गराइने छैन ।

**(क) दूध तथा दुग्धपदार्थ मूल्य शृंखला**का उत्पादनकर्ता तथा प्रशोधनकर्ताले उत्पादक कृषकबाट दूध संकलन गरेर भण्डारण तथा प्रशोधन गरी बिक्री गर्ने उद्देश्य राखेका उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले तयार पारेका उप-आयोजना पूर्ण प्रस्तावहरु पूरक अनुदानका लागि योग्य हुनेछन । यस अन्तर्गत सहकारीहरूले साइलेज उद्योग, मिनरल मिक्सर प्लान्ट तथा टी.एम.आर. उद्योग खोल्न चाहेमा अवधारणा-पत्र पेस गर्न सक्नेछन । पशुपन्छीको दाना उद्योग स्थापना सम्बन्धमा भने ग्रामीण क्षेत्रमा रहेका सहकारीहरूको प्रस्ताव मात्र स्वीकार योग्य मानिने छ । तर, यी सवै उप-आयोजनाहरुबाट हुने उत्पादन बिक्रीको व्यवस्था अग्रिमरुपमा सुनिश्चित गरिएको हुनुपर्नेछ ।

(ख) **खसीबोकाको मासु तथा मासुजन्य पदार्थको मूल्य शृंखला**मा उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले तयार पारिएका उप-आयोजना पूर्ण प्रस्तावहरु अनुदानका लागि योग्य हुनेछन् । यस अन्तर्गत मासु प्रशोधनकर्ताहरूले पनि उप-आयोजना प्रस्ताव पेस गर्न सक्नेछन् तर त्यस्ता प्रस्तावमा उप-आयोजना उत्पादन हुने प्रशोधित बस्तु खरिद गर्ने व्यवस्था भने सुनिश्चित गरिएको हुनुपर्ने छ ।

(ग) **च्याङ्ग्रा पश्मिना मूल्य शृंखला**मा उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले तयार पारिएका उप-आयोजना अवधारणा पत्र तथा उप-आयोजना पूर्ण प्रस्तावहरु पनि पूरक अनुदानका लागि योग्य हुनेछन् र यस अन्तर्गत पश्मिना प्रशोधनकर्ताहरूले पनि अनुदान प्रस्ताव पेस गर्न सक्नेछन तर, त्यस्ता अनुदान प्रस्तावमा च्याङ्ग्रापालक कृषकहरुबाट पश्मिना खरिद गर्ने तथा आफूले उत्पादन गरेको तयारी बस्तु बिक्री गर्ने दुबै कुरा सुनिश्चित गरिएको हुनुपर्ने छ ।

## १.७.६ उत्पादक र खरिदकर्ता

### १.७.६.१ उत्पादक

- पशुबस्तु विशेषको उत्पादन शृंखलामा सङ्गठितरूपमा आबद्ध भएका कृषक समूह, सहकारी संस्था, उत्पादक संघ, निजी फर्म र कम्पनी ।[4]
- उत्पादित पशु, पशुजन्य उत्पादन तथा पशु उत्पादन सामग्रीहरुको बिक्री सुनिश्चित भए प्रशोधनकर्ता समेत ।

### १.७.६.२ खरिदकर्ता

- पशु, पशुजन्य उत्पादन तथा पशु उत्पादन सामग्रीहरुको प्रशोधनकर्ता, मध्यस्थकर्ता, उपभोक्ता, वितरक, ढुवानीकर्ता, सरकारी निकाय, सङ्कलनकर्ता, खुद्रा तथा थोक खरिदकर्ता आदि ।

## १.७.७ उत्पादनमूलक गठबन्धन र आयोजनाको अपेक्षा

- आयोजनाको पूरक अनुदानले उत्पादन, प्रशोधन, गुणस्तर अभिवृद्धि र बजारीकरण जस्ता कियाकलापमा आबद्ध मूल्य शृंखलाका सबै पात्रहरूको प्रतिस्पर्धी क्षमता अभिवृद्धि हुने र सेवा, बस्तु तथा लगानीको क्षेत्रमा सहकार्य वृद्धि गर्ने उपयुक्त वातावरण तयार हुने ।

- पशुजन्य व्यवसाय र मूल्य शृंखलामा आबद्ध पात्रहरूलाई आफ्नो क्षमता र उत्पादनको गुणस्तर अभिवृद्धि गर्न कति लगानी चाहिन्छ ? बजारमा आफूलाई स्थापित गराउन कस्तो सिपको आवश्यकता पर्दछ ? र, प्रारम्भिक उत्पादकहरूको उत्पादन कसरी बढी भन्दा बढी खरिद गर्न सकिन्छ ? भन्ने कुराको आँकलन गर्न सहयोग पुग्ने ।

- उत्पादन गरिने बस्तुहरूको गुणस्तर, खरिदकर्ता र बिक्री परिमाण तथा मूल्य आदि उप-आयोजनाको अवधारणा पत्र पेस गर्ने समयमा पहिले नै तय हुने ।

- उप-आयोजना कार्यान्वयनमा जाँदा उत्पादकहरू मुख्य तीनवटा विषय (क) उत्पादन लगानी, (ख) प्राविधिक सेवा (ग) व्यवसाय विकासमा केन्द्रीत हुने ।

---

[4] प्रथम संशोधन, २०७७ बमोजिम थप गरिएको ।

- *उत्पादन लगानी* भन्नाले सबै प्रकारका मेशिन, उपकरण, फार्म पूर्वाधार र सञ्चालन लगानी वा सुधारिएका बस्तुहरू जस्तै पशु आहारा, भेटेरिनरी औषधी, भ्याक्सिन तथा सिमेन आदि भन्ने बुझ्नु पर्छ।
- *प्राविधिक सेवा* अन्तर्गत उत्पादन, प्रशोधन, पशु स्वास्थ्य, सरसफाई र वातावरण लगायत बजार विकासको लागि चाहिने प्रसार सेवा र प्राविधिक सेवा समेत समावेश गरिएको छ।
- *व्यवसाय विकास* अन्तर्गत उप-आयोजनाको व्यवस्थापन, लेखा, व्यवसाय प्रशासन र बजारीकरण सम्बन्धी क्षमता अभिवृद्धि समावेश गरिएको छ।
- *लगानी* सम्बन्धमा बैंक तथा वित्तीय संस्था र व्यवसायीहरूको स्वलगानीलाई अनिवार्य शर्त मानिएको छ।

# परिच्छेद-२ : उप-आयोजना पूर्ण प्रस्ताव आमन्त्रण

## २.१ उप-आयोजना पूर्ण प्रस्ताव आमन्त्रण

विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयले गरेको उप-आयोजना अवधारणा पत्रको मूल्याङ्कनको निर्णय प्रदेशस्तरीय आयोजना समन्वय समितिले समेत अनुमोदन गरेपछि विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयहरुले सम्बन्धित उप-आयोजना प्रस्तावक संस्थालाई स्थलगत प्रमाणीकरण टोलीको सुझाव समेत समावेश गरी सार्वजनिक सूचनाद्वारा ३० (तीस) दिनभित्र उप-आयोजना पूर्ण प्रस्ताव पेस गर्न आमन्त्रण गर्नेछन । उप-आयोजना अवधारणा पत्र छनौट भएका प्रस्तावकहरुले आयोजनाद्वारा निर्धारित ढाँचामा आवश्यक अन्य कागजात र प्रमाणहरु संलग्न राखी तोकिएको म्याद भित्र उप-आयोजना पूर्ण प्रस्ताव पेस गर्नुपर्ने छ। उप-आयोजना पूर्ण प्रस्तावमा व्यवसाय योजनाको प्राविधिक तथा वित्तीय दुबै पक्षलाई महत्वपूर्ण मानिने छ।

## २.२ उप-आयोजना पूर्ण प्रस्ताव तयारी तालिम

### २.२.१ व्यवसाय सेवा प्रदायकको सेवा प्राप्ति

आवेदकलाई उप-आयोजना पूर्ण प्रस्ताव तयारी तथा उप-आयोजना कार्यान्वयनमा निम्नानुसारका कार्य गरी सहयोग पुऱ्याउन आयोजनाले सेवा प्रदायक संस्थाको सेवा प्राप्त गरेको छ।

(क) आवेदकलाई उत्पादनमूलक गठबन्धनमा आधारित उप-आयोजना पूर्ण प्रस्ताव तयार पार्न तालिम दिई सहयोग गर्ने ।

(ख) आवेदकलाई बैंक तथा वित्तीय संस्थाबाट ऋण सहयोग प्राप्त गर्ने कार्यमा सहजीकरण गर्ने ।

(ग) स्वीकृत उप-आयोजनाहरुको कार्यान्वयनमा सहयोग गर्ने ।

*(माथि जे सुकै उल्लेख गरिएको भए पनि व्यवसाय सेवा प्रदायकले आफै उप-आयोजना पूर्ण प्रस्ताव तयार भने पार्ने छैन) ।*

### २.२.२ उप-आयोजना पूर्ण प्रस्ताव तयारी तालिम

प्रदेशस्तरीय आयोजना समन्वय समितिबाट उप-आयोजना अवधारणा पत्र छनौट गर्ने विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयको निर्णय अनुमोदन भएपछि विकेन्द्रीकृत आयोजना सहयोग इकाईहरुले व्यवसाय सेवा प्रदायकको सहयोगमा आ-आफ्नो कार्यक्षेत्र भित्रका छनौट भएका उप-आयोजना अवधारणा पत्र पेस गर्ने आवेदकहरुको लागि उप-आयोजना पूर्ण प्रस्ताव तयार पार्ने तालिम आयोजना गर्नेछन् ।

# परिच्छेद-३ : पूर्ण प्रस्ताव तयारी, प्रस्तावन तथा मूल्याङ्कन

## ३.१ उप-आयोजना पूर्ण प्रस्ताव पेस गर्नुपर्ने

यस विधिको परिच्छेद-२ को बुँदा २.१ अनुसार उप-आयोजना पूर्ण प्रस्ताव माग गरिएका आवेदकहरुले आयोजनाद्वारा निर्धारण गरिएको ढाँचा (बुँदा ३.३) बमोजिम आफ्नो संस्था र व्यवसायको अवस्था प्रष्ट देखिने विवरणहरु सहित प्रस्तावित उप-आयोजनाको उद्देश्य, औचित्य, लक्ष, क्रियाकलापहरुको साथै उत्पादन योजना, बजारीकरण योजना, खर्च योजना र वित्तीय योजना लगायत अन्य पक्षहरु समेत उल्लेख गरेर तोकिएको म्याद भित्रै पूर्ण प्रस्ताव तयार गरी तोकिएको कार्यालयमा पेस गर्नु पर्नेछ ।

## ३.२ उप-आयोजना पूर्ण प्रस्तावमा समावेश हुनुपर्ने पक्ष

उप-आयोजना पूर्ण प्रस्ताव उक्त प्रस्तावको गुणस्तर र त्यसमा संलग्न कागज प्रमाणहरुको आधिकारिकताको आधारमा स्वीकृत गरिनेछ । उप-आयोजना पूर्ण प्रस्तावको मूल्याङ्कन मुख्य गरी निम्न पक्षमा निर्भर रहने छः

(क) प्रस्तावित औजार, उपकरण तथा भौतिक सुविधाहरु उत्पादन वा प्रशोधन कार्यको लागि आवश्यक र पर्याप्त भए, नभएको ।

(ख) प्रस्तावित लागत तथा लागत साझेदारी उप-आयोजना कार्यान्वयन गर्न उपयुक्त भए, नभएको ।

(ग) प्रस्तावित उप-आयोजना प्राविधिकरुपले उपयुक्त भए, नभएको ।

सामान्यतया उप-आयोजना पूर्ण प्रस्तावमा निम्न पक्षहरु समावेश गरिएको हुनुपर्नेछः

### ३.२.१ उत्पादन योजना

- उत्पादन गरिने बस्तु तथा सेवाको विवरण ।
- उत्पादन प्रक्रिया, उपलब्ध सुविधा, उपकरण तथा कामदारहरुको विवरण ।
- उत्पादन सामग्री तथा कच्चा पदार्थको परिमाण तथा उपलब्धता र उत्पादन परिमाण ।

### ३.२.२ बजारीकरण योजना

- उत्पादनमूलक गठबन्धनको सम्झौता र यसका प्रावधानहरु ।
- विगतको बिक्री परिमाण र भावी बिक्री योजना ।
- निश्चित र सम्भावित खरिदकर्ताहरु ।
- बजारीकरण योजना (मूल्य निर्धारण योजना, प्रतिस्पर्धा रणनीति, बिक्री वितरण रणनीति, बजार प्रवर्द्धन रणनीति) ।

### ३.२.३ खर्च योजना

- व्यवसाय सञ्चालन गर्दा आवश्यक पर्न सक्ने कच्चा पदार्थमा लाग्ने खर्च, कामदारको खर्च, ढुवानी खर्च आदि सम्पूर्ण खर्चहरु समावेश गरेर खर्च योजना तयार गरिन्छ । चालू खर्च, पुंजीगत खर्च, उत्पादन अघिको खर्च आदि शीर्षकमा खर्चलाई विभाजन गरेर खर्च योजना वनाउनु पर्छ । उत्पादन प्रक्रियाका चरणहरूमा विभिन्न प्रकारका लागतहरू लाग्ने भएकोले वास्तविक लागत अनुमानको आधारमा नै खर्च योजना बनाउनु पर्छ । यसमा व्यवसाय सञ्चालनमा लाग्ने खर्चहरु समावेश गर्नु पर्दछ ।

### ३.२.४ वित्तीय योजना

- पुँजीको लगानी विना कुनै पनि व्यवसाय गर्न सकिदैन । तसर्थ, व्यवसाय शुरू गर्नको लागि कति लगानी आवश्यक पर्छ भन्ने जान्नु जरुरी हुन्छ । यसका अलावा लगानीका स्रोतहरू के के हुन, ऋण लिने हो भने ऋणको ब्याज दर कति हुने हो ? भन्ने जस्ता विषयहरू पनि प्रस्तावमा उल्लेख गरिनु पर्छ ।
- नाफा-नोक्सानको हिसाबकिताब, वासलात, खुद नगद प्रवाह, लगानी फिर्ता हुने अवधि, खुद वर्तमान मूल्य, लाभ-लागत विश्लेषण तथा आन्तरिक प्रतिफल दर आदि समेत विश्लेषण गरिनु पर्छ ।

### ३.२.५ व्यवस्थापन योजना

- व्यवस्थापकीय संरचना ।
- कामदार (कार्य विभाजन, पूर्णकालीन, आंशिक, स्थानीय व्यक्तिहरुले पाउने रोजगारी संख्या) ।
- सहजकर्ता तथा सल्लाहकारहरु ।

### ३.२.६ भौतिक सुविधा तथा मेशिनरी औजार सञ्चालन एव मर्मत सम्भार योजना

- व्यवसाय सञ्चालन योजना : पूर्वाधारहरु र मेशिन, उपकरण तथा औजारहरुको सञ्चालन, सेवा शुल्क र लागत आदिको विवरण उल्लेख गर्ने ।
- खरिद गरिने मेशिनरी औजार तथा निर्माण गरिने पूर्वाधारहरुको मर्मत सम्भार योजना के कस्तो रहने भन्ने उल्लेख गर्ने ।

### ३.२.७ सामाजिक उत्तरदायित्व योजना

- व्यावसायिक क्रियाकलाप मार्फत प्राप्त वार्षिक मुनाफाको केही अंश वा प्रतिशत सामाजिक उत्तरदायित्व निर्वाह गर्न के कस्ता क्रियाकलापमा लगानी गर्ने हो ? उल्लेख गर्ने ।

### ३.२.८ सामाजिक तथा वातावरणीय व्यवस्थापन योजना

- उप-आयोजनाले वातावरणमा पर्ने असर र सो असरलाई न्यूनीकरण गर्ने उपयुक्त योजना, नवीकरणीय उर्जाको प्रयोग, कामदार र समुदायमा पर्ने असर आदि उल्लेख गर्ने ।

### ३.२.९ दिगोपना योजना

- आर्थिक तथा वित्तीयरुपमा व्यावसायिक सम्भावना तथा उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने आधारहरु ।
- रोजगारी सिर्जना हुने र उप-आयोजनाले स्थानीय उत्पादनको मागमा वृद्धि गर्ने आधार ।
- उत्पादनमूलक गठबन्धनले गर्ने सम्वन्ध र समन्वय विकास ।
- मूल्य शृंखलाका पात्रहरुमा मुनाफा वितरणको उचित प्रणाली ।
- आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा दिने योगदान ।
- वित्तीय संस्थाको लगानी सहभागिताको व्यवस्था ।
- लाभग्राहीमा व्यावसायिक समावेशीकरण ।

## ३.३ उप-आयोजना पूर्ण प्रस्तावको ढाँचा

आयोजनामा पेस गरिने उप-आयोजना पूर्ण प्रस्ताव निम्नानुसारको ढाँचामा तयार गरिनुपर्ने छः

### खण्ड-१ः उप-आयोजनाको परिचय

क. उप-आयोजनाको सारांश

<table>
<tr><td>उप-आयोजनाको नाम</td><td>……………………………………</td></tr>
<tr><td>मूल्य शृंखला (उपयुक्तमा √ चिन्ह लगाउने)</td><td>☐ क. दूध तथा दुग्धपदार्थ ☐ ख. खसीबोकाको मासु तथा मासुजन्य पदार्थ ☐ ग. च्याँङ्ग्रा पश्मिना</td></tr>
<tr><td>मुख्य उद्देश्य</td><td>• ……<br>• ……..</td></tr>
<tr><td>उप-आयोजनाका मुख्य उत्पादनहरु</td><td>• …………<br>• …………</td></tr>
<tr><td>सम्पर्क व्यक्तिको विवरण</td><td>नाम :……………………………<br>ठेगाना :…….प्रदेश……जिल्ला, ……….न.पा. र गा.पा., …..वडा …….टोल<br>फोनः …………….    इमेल :………………………………………</td></tr>
<tr><td>संक्षिप्त वित्तीय विवरण</td><td><table>
<tr><td colspan="2">स्वलगानी रु.</td><td rowspan="2">आयोजनाको पूरक अनुदान रु.</td><td rowspan="2">कूल लगानी रु.</td></tr>
<tr><td>आफ्नै स्रोतको लगानी रु.</td><td>बैंक वा वित्तीय संस्थाको ऋण रु.</td></tr>
<tr><td>…………….</td><td>……………</td><td>…………..</td><td>………….</td></tr>
</table></td></tr>
<tr><td>राष्ट्र बैंकवाट मान्यता प्राप्त बैंक तथा वित्तीय साझेदार संस्थाको नाम</td><td>……………………………………………</td></tr>
<tr><td>उत्पादनमूलक गठबन्धनका साझेदार पात्रको नाम तथा सम्पर्क</td><td>……………………………………………</td></tr>
<tr><td>उप-आयोजना शुरु हुने प्रस्तावित मिति</td><td>२०७७ /………/………..</td></tr>
<tr><td>उप-आयोजना सम्पन्न हुने अनुमानित मिति</td><td>……. /………/………..</td></tr>
<tr><td rowspan="2">उप-आयोजनाका मुख्य-मुख्य कियाकलापहरु</td><td>१………</td></tr>
<tr><td>२………</td></tr>
<tr><td>उप-आयोजनावाट अपेक्षित मुख्य उपलब्धिहरु</td><td>▪ प्रति वर्ष गाईको दूध….. लि. र भैंसीको दूध ….. लि. उत्पादन गरिने ।<br>▪ प्रति वर्ष ……….केजी.मासु उत्पादन गरिने ।<br>▪ प्रति वर्ष ……के.जी. पश्मिना उत्पादन हुने ।<br>▪ पश्मिनाको निर्यात ………केजी/वर्ष हुने ।<br>▪ उप-आयोजनावाट प्रत्यक्ष लाभान्वित हुने महिलाको प्रतिशत ….. % हुने छ ।<br>(अन्य अपेक्षा गरिएका मुख्य उपलब्धीहरु भए थप गर्ने)</td></tr>
<tr><td>अपेक्षा गरिएका मुख्य-मुख्य नतिजाहरु (प्रतिफल)</td><td>▪ लाभग्राहीको क्रियाकलापवाट उत्पादकत्वमा हुने वृद्धि :<br>▪ मूल्य अभिवृद्धि गरिएका बस्तुको बिक्रीमा हुने वृद्धि :<br>▪ कृषकहरुले अपनाउने वातावरणमैत्री प्रविधिहरु :<br>▪ सेवा, पूर्वाधार एवं उपकरण सुविधाहरुमा पुग्ने कृषकको पहुंच :</td></tr>
</table>

**ख. आवेदकको विवरण**

| | |
|---|---|
| आवेदक संस्थाको नाम | |
| आवेदक संस्थाको प्रकार | कृषक समूह, सहकारी, उत्पादक संघ, निजी फर्म र कम्पनी[5] |
| व्यवसायको प्रकृति | उत्पादन/प्रशोधन/अन्य भए उल्लेख गर्ने … … |
| स्थापना/दर्ता भएको मिति तथा दर्ता भएको निकाय | |
| भ्याट/पान नम्वर | |
| बैंक खाताको विवरण | खातावालाको नाम :<br>बैंकको नाम : शाखा :<br>खाता सञ्चालकहरु :<br>खाता नम्वरः |
| उप-आयोजनाको सम्पर्क कार्यालय ठेगाना तथा सम्पर्क | ठेगाना :.......प्रदेश.......जिल्ला, ..........न.पा. र गा.पा., .....वडा .......टोल<br>कार्यालय सम्पर्क व्यक्ति :<br>सम्पर्क नम्वरः फोन र मोबाइल<br>इमेलः |
| संस्थाको जिम्मेवार व्यक्तिको नाम | (see table below) |

| नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|
| | अध्यक्ष | |
| | उपाध्यक्ष | |
| | सचिव | |
| | कोषाध्यक्ष | |

**ग. प्रस्तावित व्यवसायको संक्षिप्त परिचय**

*व्यवसायको परिचय दिने गरी संक्षेपमा व्यवसायको नाम, संरचना, प्रकृति (उत्पादन, प्रशोधन वा बजारीकरण), उद्देश्य, हाल गरिरहेका क्रियाकलापहरु एवं कार्य अनुभव जस्ता पक्षहरुलाई समेटेर २०० शब्द नबढ्ने गरी संक्षेपमा उल्लेख गर्ने ।*

**घ. व्यवसायको वर्तमान अवस्था**

*व्यवसायको वर्तमान अवस्था बारे तल उल्लेखित पक्षहरुलाई आधार बनाई बुंदागत रुपमा संक्षेपमा उल्लेख गर्ने ।*

- उप-आयोजना स्थलको भौतिक पूर्वाधार विकासको अवस्था (बजार तथा कच्चा सामान आपूर्ति गर्ने क्षेत्रसँग जोड्ने सडकको अवस्था, विद्युत आपूर्तिको अवस्था, टेलिफोन सेवा, खाने पानी, सिंचाई तथा प्राविधिक सेवा आदिको उपलब्धता) ।
- व्यवसायमा प्रयोग हुने कच्चा पदार्थको उपलब्धता, कच्चा पदार्थका मुख्य स्रोतहरु तथा कच्चा पदार्थ खपत अवस्था ।
- हालका मुख्य उत्पादन र उप-उत्पादनहरु तथा उत्पादन परिमाणको अवस्था एवं मूल्य अभिवृद्धि तथा बिक्री वितरणको अवस्था ।
- विगत दुई वर्षको उत्पादन, बिक्री र आम्दानी (सम्भव भएसम्म आँकडा सहित) को अवस्था ।
- मुख्य खरिदकर्ताहरु ।

---
[5] प्रथम संशोधन, २०७७ बमोजिम थप गरिएको ।

- उत्पादनहरुको प्रति इकाई उत्पादन लागत र बिक्री मूल्य ।

## ङ. प्रस्तावित उप-आयोजनाको उद्देश्य तथा औचित्य

*प्रस्तावित उप-आयोजनाको उद्देश्य तथा औचित्य पुष्टि गर्ने तल प्रस्तुत गरिएका जानकारीहरु र अन्य जानकारी भए ती समेत २०० शब्दमा नवढ्ने गरी बुंदागत रुपमा उल्लेख गर्ने ।*

- उप-आयोजनाको उद्देश्य ।
- प्रस्तावित मूल्य शृंखलामा संस्थाको व्यावसायिक अनुभव तथा क्षमता ।
- सञ्चालन कार्यक्षेत्र, हाल व्यवसायमा रहेका समस्याहरु, यस प्रस्तावबाट कुन समस्यालाई कसरी समाधान गर्न खोजिएको हो ?
- हालको उत्पादन र उत्पादकत्वको अवस्था कस्तो रहेको छ ?
- प्रस्तावित लगानीबाट उत्पादन, उत्पादकत्व र नाफा कसरी वृद्धि हुने हो ?
- व्यवसायका लागि नवीन प्रविधिहरु तथा सिपको प्रयोग कसरी गरिने छ ?
- प्रस्तावित उप-आयोजनाका उत्पादनको लागि बजारको अवसर कस्तो रहेको छ ?

## च. प्रस्तावित उप-आयोजनाका लागि आवश्यक जनशक्ति तथा स्रोत साधनको उपलव्धता

*प्रस्तावित उप-आयोजनाको कार्यान्वियन क्षमता बारे तल उल्लेखित पक्षहरुलाई आधार बनाई बुंदागत रुपमा संक्षेपमा उल्लेख गर्ने ।*

- प्रस्तावित उप-आयोजनामा आबद्ध आवेदकहरुको सम्बन्धित विषयमा भएको अनुभव (वर्षमा) ।
- प्राविधिक ज्ञान र सिप तथा उपकरणहरु सञ्चालन गर्ने क्षमता ।
- उपलब्ध पूर्वाधार, औजार, उपकरण र अन्य सुविधाहरुका अवस्था ।
- सक्षम जनशक्तिको उपलव्धता ।

***नोट****: हालसालै दर्ता भएको नयाँ समूह वा संस्थाहरुले माथि उल्लेखित तेस्रो बुँदा बाहेक अन्य बुंदाहरुमा प्रस्तावित उप-अयोजनामा संग्लन्न रहने सदस्यहरुमा रहेको अनुभव, प्राविधिक ज्ञान र सिपलाई बुँदागत रुपमा उल्लेख गर्ने ।*

**छ. व्यवसायका चुनौती तथा अवसरहरु**

*प्रस्तावित उप-आयोजनामा आईपर्ने चुनौतीहरु र ती चुनौतीहरुलाई सम्बोधन गर्न सकिने अवसरहरुलाई आधार वनाएर चुनौतीहरु समाधान गर्ने र अवसरहरुको उचित उपयोग गर्ने प्रकारका क्रियाकलापहरु उल्लेख गर्ने ।*

| समस्या तथा चुनौतीहरु | समस्या तथा चुनौतीलाई सम्वोधन गरी अवसरमा बदल्न प्रस्ताव गरिएका क्रियाकलापहरु |
|---|---|
| १.<br>२.<br>३.<br>....<br>.... | १.<br>२.<br>३.<br>...<br>.... |

**ज. प्रस्तावित उप-आयोजनाका कियाकलापहरु तथा कार्यान्वयन व्यवस्था**

*बढीमा ३०० शब्द भित्र प्रस्तावित क्रियाकलापहरु के, कसरी, कस्ले, कहाँ गर्ने भन्ने संक्षिप्त उल्लेख गर्ने ।*

- **प्रस्तावित उप-आयोजनाका प्रमुख कियाकलापहरु**
  - उत्पादन र प्रशोधन सम्बन्धी क्रियाकलापहरु ।
  - उत्पादनको गुणस्तर तथा नियन्त्रण सम्बन्धी क्रियाकलापहरु ।
  - उत्पादनमूलक गठबन्धन तथा बिक्री वितरण सम्बन्धी क्रियाकलापहरु ।
  - अन्य वैकल्पिक बजार र खरिदकर्ताको मागमा आधारित क्रियाकलापहरु ।
  - बजार प्रवर्द्धन सम्वन्धी क्रियाकलापहरु ।
  - व्यावसायिक क्षमता विकास एवं जनशक्तिको व्यवस्थापकीय सिप विकास सम्बन्धी क्रियाकलापहरु ।
  - वातावरण र सामाजिक सुरक्षा व्यवस्थापन सम्बन्धी क्रियाकलापहरु ।
  - अनुगमन तथा समीक्षा ।
  - पारदर्शिता (होडिङ्ग बोर्ड, सार्वजनिक सुनुवाई आदि) ।

- **प्रमुख कियाकलापहरु सञ्चालन गर्ने संस्थागत संरचना तथा कार्यान्वयन व्यवस्था**
  - उप-आयोजना कार्यान्वयन उप-समिति (बढीमा ५ जना रहने गरी कार्य जिम्मेवारी सहित )

| पद | नाम | भूमिका/ संक्षेपमा कार्य विवरण |
|---|---|---|
| उप-आयोजना संयोजक | | |
| लेखा व्यवस्थापक | | |
| अनुगमनकर्ता | | |
| अनुगमनकर्ता | | |
## अनुसूची-१: उप-आयोजना पूर्ण प्रस्ताव पेस गर्ने आमन्त्रण पत्र

मितिः

पत्र संख्याः

श्री..................

तपाईको संस्थाबाट पेस गरिएको ....................... विषयको उप-आयोजना अवधारणा पत्र स्थलगत प्रमाणीकरण पश्चात उप-आयोजना पूर्ण प्रस्ताव पेस गर्न छनोट भएको सहर्ष जानकारी गराउन चाहन्छु ।

तपाईको संस्थाबाट पेस गरिने उप-आयोजना पूर्ण प्रस्तावको ३ प्रति प्राविधिक र वित्तीय प्रस्ताव खाम बन्दी गरी २ प्रति प्रदेश सरकारको पशु सेवा हेर्ने जिल्ला स्थित कार्यालय वा विकेन्द्रीकृत आयोजना सहयोग इकाई र १ प्रति आफूले रोजेको बैंक वा वित्तीय संस्थामा यो पत्र बुझेको मितिले ३० (तीस) दिन भित्र पेस गर्नु हुन अनुरोध छ ।

उप-आयोजना पूर्ण प्रस्ताव पेस गर्दा आयोजनाको मार्ग दर्शन, पूरक अनुदान सिद्धान्त तथा पूरक अनुदान विधि अनुरुप तयार पारिएको हुनुपर्नेछ । साथै प्रस्तावित कूल उप-आयोजनामा लागतको ३० प्रतिशत भन्दा बढी रकम कार्यसञ्चालन खर्चमा प्रस्ताव नगर्नु हुन अग्रिम जानकारी गराइन्छ ।

तपाईको प्रस्ताव वातावरण तथा सामाजिक ढाँचा अनुसारको वर्गीकरण .......मा पर्छ । तसर्थ उप-आयोजनामा सञ्चालन गरिने क्रियाकलापको आधारमा वातावरण आचार संहिता समेत उप-आयोजना पूर्ण प्रस्तावमा समावेश गर्नु पर्नेछ ।

अन्तमा, पशुजन्य पदार्थको व्यवसायीकरणलाई तिब्रता दिन योग्य, मौलिक, उदाहरणीय, नवीनतम प्रविधि युक्त, कार्यान्वयन गर्न सकिने र लामो समयसम्म सञ्चालन गर्न सकिने प्रकारको प्रस्तावको हामी सदैव अपेक्षा गर्दछौं ।

............................................

प्रमुख,

विकेन्द्रीकृत आयोजना सहयोग इकाई

बोधार्थ

श्री **आयोजना व्यवस्थापन कार्यालय**, हरिहर भवन, ललितपुर ।

श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द, ..... ..... ..... ।

टोलीका सुझावहरूः

१.

२.

३.

## अनुसूची-२: विगत दुई वर्षभित्र अनुदान सहयोग नलिएको स्वघोषणा

विषयः अनुदान सहयोग नलिएको बारे ।

श्री नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना
विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालय
बुटवल/पोखरा/हेटौंडा/बिराटनगर ।

उपरोक्त सम्बन्धमा हाम्रो संस्था त्यस आयोजनाले उत्पादनमूलक गठबन्धनमा आधारित व्यवसाय योजनाहरुलाई पूरक अनुदान उपलब्ध गराउने सम्बन्धमा तयार पारेको *उप-आयोजना पूर्ण प्रस्ताव तयारी, प्रस्तावन तथा छनौट विधि*का प्रावधानहरुको बारेमा जानकार रहेको व्यहोरा अनुरोध गर्दछौं ।

(क) सो विधिको बूदा १.४ (छ) मा भएको व्यवस्था सन्दर्भमा यस संस्थाले यो उप-आयोजना पूर्ण प्रस्ताव दर्ता गर्ने मितिदेखि विगत दुई वर्षको अवधिमा कुनै सरकारी वा गैर सरकारी राष्ट्रिय वा अन्तराष्ट्रिय संस्थाबाट रु. १० लाख वा सो भन्दा बढी रकमको नगद वा बस्तुगत सहयोग प्राप्त नगरेको व्यहोरा घोषणा गर्दछौं ।

(ख) सो विधिको बूदा १.४ (छ) मा भएको व्यवस्था सन्दर्भमा यस संस्थाले मिति .... ............ मा श्री ...... ........... ............. (सहयोग गर्ने संस्थाको नाम) .... ............. बाट रु. ........................ अक्षेरुपी ....... ............... ................... . नगद/सामग्री सहयोग प्राप्त गरेको र त्यसको पूर्ण सदुपयोग गरेको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

माथिको व्यहोरा गलत ठहरे मूल्याङ्कनको जुनसुकै चरणमा रहेको भए पनि कुनै पनि समयमा हाम्रो उप-आयोजना पूर्ण प्रस्ताव रद्द हुने व्यहोराबारे हामी जानकार छौं र हाम्रो यो घोषणा गलत ठहरेको अवस्थामा आयोजनाले गर्ने निर्णय अन्तिम हुने र हामीलाई स्वीकार्य हुने व्यहोरा समेत जानकारी गराउँदछौं ।

..........................................
आवेदक संस्थाको आधिकारिक व्यक्तिको हस्ताक्षर

## अनुसूची-३: उप-आयोजनाको प्रस्तावित कार्ययोजनाको नमूना

| कार्ययोजना( प्रस्तावित उप-आयोजना सम्पन्न हुने अवधिमा गरिने प्रमुख क्रियाकलापहरु समावेश गर्ने ) | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | क्रियाकलापहरु | इकाई | आयोजनाको कूल लक्ष | वार्षिक लक्ष वर्ष-१ | महिना | | | | | | | | | | | |
| | | | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| **उप-आयोजनाका उत्पादन योजना अनुसारका प्रमुख सम्भाव्य क्रियाकलापहरु** | | | | | | | | | | | | | | | | |
| **१** | **उत्पादन र प्रशोधन सम्वन्धी क्रियाकलापहरु** | | | | | | | | | | | | | | | |
| **क.** | **दूध उत्पादन गर्ने उप-आयोजना प्रस्तावका केही नमूना क्रियाकलापहरु** | | | | | | | | | | | | | | | |
| १ | उन्नत नश्लका गाई खरिद | संख्या | | | | | | | | | | | | | | |
| २ | हिउदे तथा बर्षे घाँस खेती | हेक्टर | | | | | | | | | | | | | | |
| ३ | मिल्किङ्ग मेशिन खरिद | संख्या | | | | | | | | | | | | | | |
| ४ | सुधारिएको गोठ निर्माण | वर्ग फीट | | | | | | | | | | | | | | |
| ५ | कृत्रिम गर्भाधान गर्न चाहिने सामग्री खरिद | पटक | | | | | | | | | | | | | | |
| ६ | मिल्किङ्ग पार्लर निर्माण | संख्या | | | | | | | | | | | | | | |
| ७ | गोवर ग्यांस जडान | घन मीटर | | | | | | | | | | | | | | |
| ८ | अन्य | | | | | | | | | | | | | | | |
| **ख** | **खसीबोकाको मासु उत्पादन उप-आयोजना प्रस्तावका केही नमूना क्रियाकलापहरु** | | | | | | | | | | | | | | | |
| १ | बाख्रा खरिद | संख्या | | | | | | | | | | | | | | |
| २ | बोका खरिद | संख्या | | | | | | | | | | | | | | |
| ३ | डाले घाँस लगाउने | रोपनी | | | | | | | | | | | | | | |
| ४ | खोप तथा परजीवी नियन्त्रण | पटक | | | | | | | | | | | | | | |
| ५ | पाठापाठी उत्पादन | संख्या | | | | | | | | | | | | | | |
| ६ | बाख्राको दाना खरिद | मे.ट. | | | | | | | | | | | | | | |
| ७ | अन्य | | | | | | | | | | | | | | | |
| **ग** | **दूध प्रशोधन उप-आयोजना प्रस्तावका केही नमूना क्रियाकलापहरु** | | | | | | | | | | | | | | | |
| **१** | प्रशोधन स्थल निर्माण | संख्या | | | | | | | | | | | | | | |
| **२** | चिलिङ्ग भ्याट खरिद | संख्या | | | | | | | | | | | | | | |
| ३ | मिल्क क्यान खरिद | संख्या | | | | | | | | | | | | | | |
| ४ | थ्री फेज विद्युत जडान | पटक | | | | | | | | | | | | | | |
| ५ | चिस्यान केन्द्र (कोल्ड रुम) समेत भण्डारण सुविधाहरु निर्माण | पटक | | | | | | | | | | | | | | |
| ६ | वार्षिक दूध खरिद | लिटर | | | | | | | | | | | | | | |
| ७ | स्ट्याण्डर्ड दूध उत्पादन | प्याकेट | | | | | | | | | | | | | | |
| ८ | खुवा उत्पादन | के.जी. | | | | | | | | | | | | | | |
| ९ | चिस्याउने सुविधा सहितका भेण्डिङ्ग भ्यान खरिद | संख्या | | | | | | | | | | | | | | |
| १० | प्याकेजिङ्ग सामग्री खरिद | पटक | | | | | | | | | | | | | | |
| ११ | बजार विस्तार | पटक | | | | | | | | | | | | | | |
| २ | **कार्यालय व्यवस्थापन, जनशक्ति व्यवस्थापन र व्यावसायिक क्षमता विकास सम्बन्धी क्रियाकलापहरु** | | | | | | | | | | | | | | | |
| २.१ | व्यवस्थापक भर्ना | संख्या | | | | | | | | | | | | | | |
| २.२ | स्थायी कर्मचारी भर्ना | संख्या | | | | | | | | | | | | | | |

| कार्ययोजना( प्रस्तावित उप-आयोजना सम्पन्न हुने अवधिमा गरिने प्रमुख क्रियाकलापहरु समावेश गर्ने ) | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | क्रियाकलापहरु | इकाई | आयोजनाको कूल लक्ष | वार्षिक लक्ष वर्ष-१ | महिना | | | | | | | | | | | |
| | | | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| २.३ | अस्थायी कर्मचारी भर्ना | संख्या | | | | | | | | | | | | | | |
| **३** | **उत्पादनमूलक गठबन्धन तथा बिक्री वितरण र बजारीकरण सम्वन्धी क्रियाकलापहरु** | | | | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | | | | | |
| **४** | **पूर्वाधार निर्माण तथा उपकरण खरिद तथा व्यवस्थापन सम्वन्धी क्रियाकलापहरु** | | | | | | | | | | | | | | | |
| १ | खोर निर्माण | संख्या | | | | | | | | | | | | | | |
| २ | डिपिङ्ग ट्यांक निर्माण | संख्या | | | | | | | | | | | | | | |
| ३ | औजार उपकरण खरिद | संख्या | | | | | | | | | | | | | | |
| ४ | फर्निचर खरिद | संख्या | | | | | | | | | | | | | | |
| ५ | दाना तथा पानी खुवाउने बाल्टी बाटा आदि खरिद | पटक | | | | | | | | | | | | | | |
| ६ | विज्ञ परामर्श सेवाहरू (इन्जिनीयरिङ्ग तथा मेशिनरी उपकरण जडान) प्राप्त गर्ने | पटक | | | | | | | | | | | | | | |
| ७ | पानीको बोरिङ्ग । | संख्या | | | | | | | | | | | | | | |
| ८ | दूध, मासु परीक्षण गर्ने उपकरणहरू खरिद तथा जडान | पटक | | | | | | | | | | | | | | |
| ९ | गोबर ग्याँस प्लान्ट जडान | संख्या | | | | | | | | | | | | | | |
| १० | पश्मिनाको धागो कात्ने मेशिन | संख्या | | | | | | | | | | | | | | |
| ११ | अन्य | | | | | | | | | | | | | | | |
| **५** | **वातावरण तथा सामजिक प्रभाव व्यवस्थापन सम्बन्धी क्रियाकलापहरु** | | | | | | | | | | | | | | | |
| १ | दूध, मासु तथा पश्मिना प्रशोधन कारखाना तथा पशुपालन व्यवसायबाट निस्कने फोहर व्यवस्थापन | पटक | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| **६** | **पारदर्शिता तथा सार्वजनिक सुनवाई सम्बन्धी क्रियाकलापहरु** | | | | | | | | | | | | | | | |
| १ | होर्डिंग बोर्ड जडान | संख्या | | | | | | | | | | | | | | |
| २ | सार्वजनिक सुनवाई | पटक | | | | | | | | | | | | | | |
| **७** | **अभिलेख व्यवस्थापन अनुगमन तथा समीक्षा सम्बन्धी क्रियाकलापहरु** | | | | | | | | | | | | | | | |

| कार्ययोजना( प्रस्तावित उप-आयोजना सम्पन्न हुने अवधिमा गरिने प्रमुख कियाकलापहरु समावेश गर्ने ) | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | कियाकलापहरु | इकाई | आयोजनाको कूल लक्ष | वार्षिक लक्ष वर्ष-१ | महिना | | | | | | | | | | | |
| | | | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| १ | कारोबार अभिलेख व्यवस्थापन | पटक | | | | | | | | | | | | | | |
| २ | प्रगति अभिलेख व्यवस्थापन | पटक | | | | | | | | | | | | | | |
| ३ | अनुगमन तथा समीक्षा सम्बन्धी | पटक | | | | | | | | | | | | | | |
| ४ | अन्य | | | | | | | | | | | | | | | |
| **८** | **अन्य अप्रत्यक्ष खर्चहरु** | | | | | | | | | | | | | | | |
| १ | सञ्चार खर्चहरु | | | | | | | | | | | | | | | |
| २ | मसलन्द खर्च आदि | | | | | | | | | | | | | | | |
| ३ | अन्य | | | | | | | | | | | | | | | |

***नोटः*** *यी कियाकलापहरु उदाहरणको रुपमा मात्र दिइएका छन् । उप-आयोजना प्रस्तावकले आफ्नो उप-आयोजनासग सम्बन्धित मुख्य-मुख्य कियाकलापहरु समावेश गरी उप-आयोजना कार्यान्वियन गरिने अवधिको लागि कार्य योजना तयार गर्नुपर्ने छ ।*

## अनुसूची-४: उत्पादनमूलक गठबन्धनमा उत्पादक र क्रेताबीच गरिने सम्झौता पत्रको नमूना

### उत्पादनमूलक गठबन्धनमा उत्पादक र क्रेताबीच गरिने सम्झौता पत्रको नमूना

आयोजनाको अनुदान सिद्धान्त बमोजिम तयार गरिएको उप-आयोजनाको कूल लागत मध्ये २०% स्वलगानी, ३०% वित्तीय संस्थाको ऋण सहयोग र ५०% आयोजनाको अनुदान सहयोगमा सञ्चालन हुने यस .... .... ..... (उप-आयोजनाको नाम) .... ...... ....बाट उत्पादन भएका निम्न गुणस्तरका बस्तु उल्लेखित परिमाण र दरमा उपलब्ध गराउन र खरिद गर्न हामी उत्पादक संस्था र खरिदकर्ता राजी भएकाले उत्पादनमूलक गठबन्धनको मूल्य र मान्यताको परिधिभित्र रही आपसी फाइदाका लागि काम गर्ने गरी यो सम्झौताको पूर्णरुपमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दै राजी खुसीका साथ मिति २०७७ ...... ........ का दिन यो सम्झौतामा हस्ताक्षर गरी एक-एक प्रति लियौं दियौं ।

**उत्पादन तथा खरिद गरिने बस्तुको विवरण**

(१) उत्पादनको नाम

क) मुख्य उत्पादन

ख) उप-उत्पादन

(२) उत्पादनको परिमाण

(३) तोकेको उत्पादनको गुणस्तर

३.१ मुख्य उत्पादनको

क)

ख)

३.२ उप-उत्पादनको

क)

ख)

(४) डेलिभेरी दिनुपर्ने स्थान/सामान बुझाउनु पर्ने स्थान

(५) उत्पादनको मूल्य

(६) अन्य शर्तहरु

क)

ख)

ग)

| | | |
|---|---|---|
| उप-आयोजना (आपूतिकर्ताको तर्फबाट) | क्रेता (खरिदकर्ताको तर्फबाट) | साक्षी |
| नाम: | नाम: | नाम: |
| पद: | पद | पद |
| संस्थाको नाम | संस्थाको नाम | संस्थाको नाम |
| संस्थाको छाप | संस्थाको छाप | संस्थाको छाप |

## अनुसूची-५: आवेदक संस्था बैंक वा वित्तीय संस्थाको कालो सूचीमा नपरेको स्वघोषणा

विषय: वित्तीय संस्थाको कालो सूचीमा नपरेको बारे ।

श्री नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना
विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालय
बुटवल/पोखरा/हेटौंडा/बिराटनगर ।

उपरोक्त सम्बन्धमा हाम्रो संस्था त्यस आयोजनाले उत्पादनमूलक गठबन्धनमा आधारित उप-आयोजना प्रस्तावहरुलाई पूरक अनुदान उपलब्ध गराउने सम्बन्धमा तयार पारेको *उप-आयोजना पूर्ण प्रस्ताव तयारी, प्रस्तावन तथा छनौट विधि*का प्रावधानहरु बारेमा जानकार रहेको व्यहोरा अनुरोध गर्दछौं ।

अतः सो विधिको बुँदा १.४ (च) मा भएको व्यवस्था सन्दर्भमा यो संस्था र प्रस्तुत उप-आयोजना पूर्ण प्रस्तावका सहभागी सदस्यहरु विगतमा बैंक वा वित्तीय संस्थाबाट ऋण सहयोग लिई चुक्ता नगरेको कारणले बैंक वा वित्तीय संस्थाको कालो सूचीमा नपरेको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

माथिको व्यहोरा गलत ठहरे मूल्याङ्कनको जुनसुकै चरणमा रहेको भए पनि कुनै पनि समयमा हाम्रो उप-आयोजना पूर्ण प्रस्ताव रद्द हुनसक्ने व्यहोराबारे हामी जानकार छौं र हाम्रो यो घोषणा गलत ठहरेको अवस्थामा आयोजनाले गर्ने निर्णय अन्तिम हुने र हामीलाई स्वीकार्य हुने व्यहोरा समेत जानकारी गराउदछौं ।

..........................................
आवेदक संस्थाको आधिकारिक व्यक्तिको हस्ताक्षर

## अनुसुची-६: उप-आयोजना पूर्ण प्रस्ताव मूल्याङ्कनकर्ता विज्ञको योग्यता

| क.सं. | विज्ञताको क्षेत्र | शैक्षिक योग्यता | अनुभव | कैफियत |
|---|---|---|---|---|
| १ | दुग्ध व्यवसाय विज्ञ | **सम्बन्धित विषयः** पशु विज्ञान, पशु चिकित्सा, दुग्ध विज्ञान, खाद्य प्रविधि आदि । | **सम्बन्धित सेवा र विषयगत क्षेत्रको अनुभव** | |
| | | विद्यावारिधि वा सो सरह | १ वर्ष | |
| | | स्नातकोत्तर वा सो सरह | ३ वर्ष | |
| | | स्नातक वा सो सरह | ५ वर्ष | |
| २ | **मासु व्यवसाय विज्ञ** | **सम्बन्धित विषयः** पशु उत्पादन, पशु चिकित्सा, मासु विज्ञान, खाद्य प्रविधि, जनस्वास्थ्य आदि । | **सम्बन्धित सेवा र विषयगत क्षेत्रको अनुभव** | च्यांग्रा पालन समेत |
| | | विद्यावारिधि वा सो सरह | १ वर्ष | |
| | | स्नातकोत्तर वा सो सरह | ३ वर्ष | |
| | | स्नातक वा सो सरह | ५ वर्ष | |
| ३ | **पशु आहारा विज्ञ** | **सम्बन्धित विषयः** पशु विज्ञान, पशु चिकित्सा, पशु पोषण । | **सम्बन्धित सेवा र विषयगत क्षेत्रको अनुभव** | |
| | | विद्यावारिधि वा सो सरह | १ वर्ष | |
| | | स्नातकोत्तर वा सो सरह | ३ वर्ष | |
| | | स्नातक वा सो सरह | ५ वर्ष | |

***नोटः*** *१.प्राप्त हुने उप आयोजना पूर्ण प्रस्तावको विषय अनुसार पश्मिना मूल्य शृंखला लगायत अन्य विज्ञहरुको परामर्श सेवा पनि आवश्यकता अनुसार लिन सकिने ।*

*२. विज्ञहरुलाई उपलब्ध गराइने पारिश्रमिकको हकमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत सञ्चालन भएका आयोजनाहरुमा प्रयोग गरिएका नर्म्स अनुसार हुने ।*

## अनुसुची-७: उप-आयोजना पूर्ण प्रस्ताव मूल्याङ्कन

| क.सं. | विवरण | अङ्क |
|---|---|---|
| १ | **व्यवसाय सञ्चालन क्षमता**<br>(आवेदकले प्रदान गरेका जानकारी र पेस गरेका कागजपत्रको आधारमा आकलन गर्ने) | १५ |
| *१.१* | ***उप-आयोजना प्रस्ताव पेस गरेको मूल्य शृंखलामा प्रस्तावक संस्थाको अनुभव*** | ४ |
| | ५ वर्ष भन्दा बढी | ४ |
| | २ देखि ५ वर्ष | ३ |
| | २ वर्ष भन्दा कम | २ |
| | हालसालै दर्ता भएको नयाँ समूह वा संस्थाको हकमा उप-आयोजनामा सहभागी हुने सदस्यहरुको अनुभव, प्राविधिक ज्ञान, सिप र क्षमताका आधारमा | २ |
| *१.२* | ***प्रस्तावित उप-आयोजना सञ्चालन गर्न चाहिने पूर्वाधारहरु (सडक, विद्युत, सिचाई)*** | ७ |
| १.२.१ | **दुग्ध मूल्य शृंखलाको लागि** | |
| | सडक (बजार तथा कच्चा सामान आपूर्ती गर्ने क्षेत्रसँग जोड्ने सडकको अवस्था) | ३ |
| | पक्की र बाह्रै महिना चालू रहने | ३ |
| | कच्ची र मौसमी सडक, बर्षायाममा बन्द रहने | २ |
| | नजिकको सडकसम्म पुग्न दुई घण्टा भन्दा बढी हिड्नु पर्ने | ० |
| | **मासु तथा पश्मिना मूल्य शृखलाको लागि** | |
| | बाखा वा च्याङग्रापालन स्थानवाट २ घण्टामा सडकसम्म पुगिने | ३ |
| | बाखा वा च्याङग्रापालन स्थानवाट ५ घण्टामा सडकसम्म पुगिने | २ |
| | बाखा वा च्याङग्रापालन स्थानवाट ५ घण्टा भन्दा बढी समयमा सडकसम्म पुगिने | १ |
| १.२.२ | पानीको सहज र नियमित आपुर्ति हुने | २ |
| **१.२.३** | **विद्युत** | २ |
| | **दुग्ध मूल्य शृंखलाको लागि** | |
| | आपूर्ती निरन्तर रहने | २ |
| | अनियमित आपूर्ति हुने | १ |
| | विद्युत आपूर्ति नभएको | ० |
| | **मासु तथा पश्मिना मूल्य शृंखलाको लागि** | |
| | आपूर्ती निरन्तर रहने | २ |
| | विद्युत आपूर्ति नभए पनि | १ |
| *१.३* | ***उप-आयोजना सञ्चालन गर्न आवश्यक जनशक्तिको उपलब्धता*** | २ |
| | स्थानीय स्तरमै आवश्यक जनशक्ति उपलब्ध | २ |
| | उप-आयोजना सञ्चालन हुने जिल्ला भित्र उपलब्ध | १ |
| | जनशक्ति पाउन कठिन | ० |
| *१.४* | ***वित्तीय क्षमता*** *(लेखा परीक्षण प्रतिवेदन र चुक्ता गरेको कर रकमले देखाउने गत वर्षको कारोवारको आधारमा)* | २ |
| | ***सहकारी भए*** | |
| | उप-आयोजनामा प्रस्ताव गरेको कारोवारको ५०% भन्दा बढी भए | २ |
| | उप-आयोजनामा प्रस्ताव गरेको कारोवारको ३५% देखि ५०% भए | १ |
| | नयाँ व्यवसाय भए | ० |

| क.सं. | विवरण | अङ्क |
|---|---|---|
| | ***कृषक समूह भए*** *(समूहले कर योग्य कारोवार नगर्ने भएकोले लेखा परीक्षण तथा करचुक्ता प्रमाण जरुरी नहुने)* | १ |
| २. | **उत्पादनमूलक गठबन्धन**<br>(गठबन्धनमा सहभागी पात्रहरुको संख्या, खरिदकर्ताको क्षमता तथा कार्यक्षेत्र आदि) | **१३** |
| *२.१* | ***गठबन्धनमा खरिदकर्ताको*** प्रतिष्ठा/साख | **४** |
| | खरिदकर्ता पुरानो र साख राम्रो भए | **४** |
| | खरिदकर्ता पुरानो र साख सामान्य भए | *३* |
| | खरिदकर्ता नयाँ र साख थाहा नभएको भए | *२* |
| *२.२* | ***कच्चा पदार्थहरुको स्रोत र आपूर्ति शृंखला*** | **४** |
| | उप-आयोजना सञ्चालन गर्न खोजिएको जिल्लामै उपलब्ध र आपूर्ति शृंखला भरपर्दो भए | ४ |
| | आयोजना लागू भएका अन्य जिल्लामा उपलब्ध र आपूर्ति शृंखला भरपर्दो भए | ३ |
| | आयोजना लागू नभएका अन्य जिल्लाहरुबाट आपूर्ति गरिने भए | २ |
| *२.३* | ***उत्पादनको लक्षित बजार*** | **५** |
| | राष्ट्रिय वा अर्न्तराष्ट्रिय बजार | **५** |
| | जिल्ला भित्रका अन्य ठूला बजार | ३ |
| | स्थानीय खुद्रा बजार | २ |
| **३** | **व्यवसायका विशेषताहरु** (प्रविधिको प्रयोग, विद्यमान बाधा तथा चुनौतीहरुलाई समाधान गर्ने योजना, मूल्य अभिवृद्धि र व्यावसायिक सामाजिक उत्तरदायित्व निर्वाह गर्ने सोचका नवीनताहरु) | **१५** |
| *३.१* | ***उत्पादन तथा उत्पादकत्व वृद्धि र उत्पादन विविधीकरणका लागि प्रस्ताव गरिएका नवीन प्रविधिहरु*** | *५* |
| | उच्च | ५ |
| | मध्यम | ३ |
| | सामान्य | १ |
| *३.२* | ***प्रस्तावमा समावेश सामाजिक उत्तरदायित्व निर्वाह गर्ने योजनाहरु*** | *३* |
| | छन | *३* |
| | छैनन | ० |
| *३.३* | ***उप-आयोजनामा उत्पादनको मूल्य अभिवृद्धि योजना*** | *२* |
| | समावेश छ | २ |
| | समावेश छैन | १ |
| *३.४* | ***उप-आयोजनाले सिर्जना गर्ने रोजगारी*** | *५* |
| | भिन्न भिन्न परिवारका १० जना भन्दा बढी | *५* |
| | भिन्न भिन्न परिवारका ६ देखि ९ जनासम्म | ४ |
| | ५ जना भन्दा कम र एकै परिवारकाले रोजगारी पाउने भए | ३ |
| ४ | **उप-आयोजनाका आर्थिक, व्यवस्थापकीय तथा प्राविधिक पक्षहरु** | १२ |
| *४.१* | ***प्राविधिक पक्ष*** | **५** |
| ४.१.१ | उप-आयोजना प्रस्तावमा मूल्य शृंखलाका अवरोधहरुलाई समाधान गर्न प्रस्ताव गरिएको | १ |
| ४.१.२ | उप-आयोजना प्रस्तावमा नवीन प्रविधिहरुको प्रयोग समावेश गरिएको | १ |
| ४.१.३ | उप-आयोजना भौगोलिक दृष्टिले उपयुक्त | १ |
| ४.१.४ | उप-आयोजना वर्षभरि नै सञ्चालन हुने | १ |
| ४.१.५ | उप-आयोजनाको प्रस्तावित उत्पादन लक्ष (कुनै एक छान्ने) | |

| क.सं. | विवरण | अङ्क |
|---|---|---|
| | सन्तोषजनक र सम्भव | १ |
| | असन्तोषजनक वा असम्भव | ० |
| *४.२* | *व्यवस्थापकीय पक्ष* | ४ |
| ४.२.१ | प्रस्तावित उप-आयोजनाको व्यवस्थापकीय पक्ष | २ |
| | उप-आयोजनामा आबद्ध मालिक, व्यवस्थापक र कामदारहरुको भूमिका स्पष्ट रुपमा परिभाषित गरिएको | २ |
| | उप-आयोजनामा आबद्ध मालिक, व्यवस्थापक र कामदारहरुको भूमिका स्पष्ट रुपमा परिभाषित नगरिएको | ० |
| ४.२.२ | कार्य योजना | २ |
| | प्रस्तावित कियाकलाप अनुरुप भए | १ |
| | प्रस्तावित कियाकलाप अनुरुप छैन | ० |
| *४.३* | *आर्थिक/वित्तीय पक्ष* | ३ |
| ४.३.१ | स्पष्ट मूल्य निर्धारण तथा प्रतिस्पर्धा रणनीति | १ |
| ४.३.२ | प्रस्तावित उत्पादन सामग्रीको अनुमानित परिमाण र मूल्य | २ |
| | वास्तविक र सही छन | २ |
| | वास्तविक छैनन | ० |
| **५** | **वातावरण तथा सामाजिक सुरक्षा** | **१०** |
| *५.१* | प्रस्तावित उप-आयोजना वातावरण मैत्री छ | २ |
| *५.२* | उप-आयोजना सञ्चालन गर्दा पर्ने वातावरणीय असरलाई न्यूनीकरण गर्ने उपयुक्त योजना समावेश छ | २ |
| *५.३* | नवीकरणीय उर्जाको प्रयोग प्रस्ताव गरिएको छ | २ |
| *५.४* | कामदार र समुदायमा पर्न सक्ने नकारात्मक असर न्यूनीकरण गर्ने उपयुक्त योजना समावेश छ | २ |
| *५.५* | उप-आयोजना वातावरण तथा सामाजिक सुरक्षाका दृष्टिले दिगो हुने सम्भावना छ | २ |
| **६** | **सामाजिक समावेशीकरण** | ***५*** |
| ***६.१*** | **महिला सहभागिता** | ***३*** |
| ६.१.१ | व्यवस्थापन समिति र कामदारमा महिला सहभागिता | १.० |
| | ४५% वा सो भन्दा बढी | १.०. |
| | ४५% भन्दा कम | ० |
| ६.१.२ | लााभग्राहीमा महिला सहभागिता | २.० |
| | ४५% वा सो भन्दा बढी | २.० |
| | ४५% भन्दा कम | ० |
| *६.२* | *जनजातिको सहभागिता* | *२* |
| ६.२.१ | कार्यकारी समिति वा कामदारमा दलित, जनजातिको सहभागिता | *१* |
| | ४५% वा सो भन्दा बढी | १ |
| | ४५% भन्दा कम | ० |
| ६.२.२ | लाभग्राहीमा दलित, जनजातिको सहभागिता | *१.०* |
| | ४५% वा सो भन्दा बढी | *१.०* |
| | ४५% भन्दा कम भए | ० |

| क.सं. | विवरण | अङ्क |
|---|---|---|
| ७ | **उप-आयोजनाबाट प्रत्यक्ष र अप्रत्यक्ष लाभ पाउने लाभग्राहीको संख्या** (लगानीकर्ता, व्यवस्थापक, कामदार र व्यवसायलाई सामग्री आपूर्ति गर्ने र व्यवसायबाट उत्पादन खरिद गरी थप प्रशोधन गर्ने वा बिक्री वितरण गर्ने समेत) | **१०** |
| | **रु. १ करोड भन्दा बढी लगानी प्रस्ताव गरिएको उप-आयोजनामा** | |
| | १०० भन्दा बढी | **१०** |
| | ५० देखि १०० | ७ |
| | ५० जनासम्म | ५ |
| | **रु. १ करोड भन्दा कम लगानी प्रस्ताव गरिएको उप-आयोजनामा** | |
| | ५० भन्दा बढी | १० |
| | २५ देखि ५० | ७ |
| | २५ जनासम्म | ५ |
| ८ | **आयोजनाले प्रवर्द्धन गरेका जलवायुमैत्री प्रविधिहरुको प्रयोग** (बधुवा पशुपालन, हिउदे तथा बर्षे घाँस खेती, सुधारिएको गोठ, मलमूत्रको उचित व्यवस्थापन, हे साइलेजको प्रयोग र डाले घाँसको संरक्षण तथा उपयोग) | **१०** |
| | **उत्पादन लक्षित उप-आयोजनाको लागि** | |
| | ५ देखि ६ प्रविधिको प्रयोग | १० |
| | ३ देखि ४ प्रविधिको प्रयोग | ७ |
| | ३ भन्दा कम प्रविधिको प्रयोग | ४ |
| | **प्रशोधन गर्ने उप-आयोजनाको लागि** | |
| | वातावरणमा प्रतिकूल असर पार्ने फोहर, मैला र सह उत्पादन व्यवस्थापन योजना | १० |
| | अत्यन्त राम्रो | १० |
| | सन्तोषजनक | ७ |
| | कमजोर/सामान्य | ४ |
| ९ | **उप-आयोजनामा आवेदकको प्रस्तावित लगानी प्रतिशत** | **५** |
| | ५०% | २ |
| | ५१ % देखि ७५ % | ३ |
| | ७५% भन्दा बढी | ५ |
| १० | आवेदक संस्थाले विगतमा यस्तै प्रयोजनको लागि कुनै संस्थाबाट दश लाख भन्दा बढी अनुदान लिएको छ/छैन | **५** |
| १०.१ | लिएको छैन | ५ |
| १०.२ | लिएको छ | ० |

## अनुसूची-८: पूरक अनुदान सम्झौता गर्न आउने आमन्त्रण पत्रको ढांचा

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना
विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालय
....................

मिति: २०७७/००/००

विषय : सम्झौता गर्न आउन बारे ।

श्री ......................................................

......................................................।

उपरोक्त सम्बन्धमा तपाईले नवीन प्रविधिहरुका माध्यमबाट दूध/खसीबोकाको मासु/च्याँङ्ग्रा पशिमना मूल्य शृंखलाको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने र बिक्री बढाई आय आर्जन तथा रोजगारी सिर्जना गर्ने उद्देश्यले उप-आयोजना सञ्चालन गर्न व्यवसाय योजना सहित यस आयोजनामा पेस गर्नु भएको उप-आयोजना पूर्ण प्रस्ताव मूल्याङ्कन समितिको सिफारिसको आधारमा स्वीकृत भएको व्यहोरा सहर्ष जानकारी गराउँदछौं । अतः स्वीकृत उप-आयोजना पूर्ण प्रस्ताव कार्यान्वयन गर्ने सम्झौता गर्न तल उल्लेखित विवरण तथा कागज प्रमाणहरु सहित यस कार्यालयमा यो पत्र प्राप्त भएको मितिले ............... दिनभित्र यस कार्यालयमा सर्म्पक राख्न आउनु हुन अनुरोध छ ।

**सम्झौता गर्न आउँदा ल्याउनु पर्ने विवरण/प्रमाणहरु:**

१. संस्था/फर्म/कम्पनीको तर्फवाट सम्झौता गर्ने आधिकारिक अख्तियारी पत्र ।

२. संस्था/फर्म/कम्पनीको छाप ।

३. अनुदान रकम उपयोग गर्ने योजनाको चौमासिक विभाजन सहितको वार्षिक कार्ययोजना ।

४. उप-आयोजनामा आफूले लगानी गर्ने ...................% रकम मौज्दात रहेको प्रमाण ।

५. आफूले पेस गरेको पूर्ण प्रस्तावको प्रतिलिपि र उप-आयोजना पूर्ण प्रस्ताव तयारी, प्रस्तावन तथा छनौट विधिको बुँदा ३.४ तालिका ७ मा उल्लेख भएका कागज पत्रहरुका सक्कल प्रति ।

## अनुसूची-९: आयोजना र अनुदानग्राही संस्थाबीच गरिने अनुदान सम्झौताको नमूना

### आयोजना र अनुदानग्राही संस्थाबीच गरिने अनुदान सम्झौताको नमूना

**पृष्ठभूमि**

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना विश्व बैंकको ऋण सहयोगमा सञ्चालित कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको राष्ट्रिय स्तरको आयोजना हो । यो आयोजना आ.व. २०७४/७५ देखि आ.व २०७९/८० सम्म चालू रहनेछ । आयोजना र अनुदानग्राही संस्थाबीच गरिएको यो अनुदान सम्झौता *उप-आयोजना पूर्ण प्रस्ताव तयारी, प्रस्तावन तथा छनौट विधि* बमोजिम उप-आयोजनालाई सञ्चालन गर्न गरिएको छ.।

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना (यसपछि "आयोजना" भनिएको) र आयोजनाले उपलब्ध गराउने पूरक अनुदान प्राप्त गर्न छनोट भएको उत्पादक संस्था (यसपछि "अनुदानग्राही" भनिएको) श्री ..... ..... ....... ..... ..... ..... ..... ......बीच आयोजनाले व्यवसाय विकास अनुदान उपलब्ध गराउने र अनुदानग्राहीले उप-आयोजना कार्यान्वयन गर्ने सम्बन्धी यो सम्झौता २०७७ साल ..... महिना ...... गते रोज ........ मा उप-आयोजना कार्यान्वयन गर्नेक्रममा देहायका शर्तहरु पालना गर्ने गरी सम्पन्न भएको छ । यो सम्झौता आयोजना र अनुदानग्राही दुबै पक्षले हस्ताक्षर गरेको मितिदेखि लागू हुनेछ र यस सम्झौतामा उल्लेखित बाहेकका मौखिक वा लिखित अन्य कुनै शर्तहरु मान्न दुबै पक्ष बाध्य हुने छैनन ।

आयोजनाको स्वीकृत *उप-आयोजना पूर्ण प्रस्ताव तयारी, प्रस्तावन तथा छनौट विधि* को परिच्छेद ३ दफा ३.१० अनुदान उपयोगका शर्तहरु मा उल्लेखित शर्तहरुको अतिरिक्त अनुदान सम्झौताका अन्य शर्तहरु यस सम्झौतामा उल्लेख गरे अनुसार हुनेछन् ।

### खण्ड–१

**१. सम्झौतामा सहभागीहरुको विवरण**

**१.१ अनुदानग्राही:**

....... जिल्ला, ........... गाउँ/नगरपालिका, ......... ...वडा निवासी श्री ..... ............. को नाति श्री ....... ............... को छोरा श्री ......................... ..........................................को आधिकारीक प्रतिनिधि श्री ........ ......................... ........ ।

**१.२ आयोजना:** नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना (NLSIP) विकेन्द्रीकृत आयोजना सहयोग इकाई, .......... ...... ।

**२. परिभाषा**

यो सम्झौतामा प्रयोग भएका शब्द, वाक्यांशहरुको परिभाषा निम्न अनुसार हुनेछ:

| शब्द (छोटकरीमा प्रयोग हुने समेत) | **परिभाषा** |
|---|---|
| “सम्झौता”[7] | भन्नाले नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना र आयोजनाले उप-आयोजना कार्यान्वयन गर्न उपलब्ध गराउने पूरक अनुदानको लागि छनोट भएका अनुदानग्राही संस्थाबीच भएको सम्झौतालाई सम्झनुपर्छ । |
| “उप-आयोजना पूर्ण प्रस्ताव”[8] | भन्नाले कृषक समूह, सहकारी, संस्था, निजी फर्म र कम्पनीहरुको उत्पादनमूलक गठबन्धनले व्यवसाय सञ्चालन गर्नका लागि नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना समक्ष अनुदान माग गरेर पेस गरेको निवेदन सहितको उप-आयोजना पूर्ण प्रस्तावलाई सम्झनुपर्दछ । |
| “पूरक अनुदान”[9] | भन्नाले कृषक समूह, सहकारी, उत्पादक संस्था, निजी फर्म र कम्पनीहरुले व्यवसाय सञ्चालन गर्नको लागि अनुदान माग गरी नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना समक्ष पेस गरेको उप-आयोजना प्रस्ताव स्वीकृत भएपछि आयोजनाद्वारा उपलब्ध गराउन प्रतिबद्धता जनाइएको कूल स्वीकृत रकमलाई सम्झनु पर्छ । |
| “जम्मा रकम” | भन्नाले सम्झौतामा उल्लेख भए अनुसारको आयोजनाले उपलब्ध गराउने पूरक अनुदान र अनुदानग्राही संस्थाले आफ्नो तर्फबाट लगानी गर्ने रकम समेत गरी उप-आयोजनाको कूल लागतलाई सम्झनुपर्छ । |
| “आयोजना निर्देशक” | भन्नाले नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाका निर्देशकलाई सम्झनु पर्छ । |
| PMU वा (Project Management Unit) | भन्नाले नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको आयोजना व्यवस्थापन कार्यालय (Project Management Unit) हरिहरभवन, ललितपुर स्थित कार्यालय सम्झनु पर्छ । |
| NLSIP वा (Nepal Livestock Sector Innovation Project ) | भन्नाले नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनालाई सम्झनु पर्छ । |

7 प्रथम संशोधन, २०७७ बमोजिम थप गरिएको ।

8 प्रथम संशोधन, २०७७ बमोजिम थप गरिएको ।

9 प्रथम संशोधन, २०७७ बमोजिम थप गरिएको ।

| | |
|---|---|
| DLSU वा (Decentralised Local Support Unit) | भन्नाले नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना मातहत स्थापित विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयलाई सम्झनु पर्छ। |
| मूल्याङ्कन समिति | भन्नाले आयोजनामा प्राप्त भएका उप-आयोजना पूर्ण प्रस्तावहरु मूल्याङ्कन गर्नको लागि PMU र प्रत्येक विकेन्द्रीकृत आयोजना सहयोग इकाईमा गठन भएको विज्ञहरु सहितको समितिलाई सम्झनु पर्छ। |
| कोसेढुंगा (Milestone) | भन्नाले आयोजनाले पूरक अनुदान प्रदान गर्न तोकिएको समय भित्रै सम्पन्न गरिसक्नुपर्ने उप आयोजनाका पूर्व निर्धारित प्रमुख क्रियाकलापहरु सम्झनु पर्छ। |

**३. पूरक अनुदान सहयोग अवधि**

यस सम्झौता अर्न्तगत प्रदान गरिने पूरक अनुदान रकम स्वीकृत उप-आयोजना प्रस्तावका उद्देश्यहरु प्राप्त गर्न, यस सम्झौतामा उल्लेखित शर्तहरु अनुसार मात्र प्रयोग गरिनेछ। यस सम्झौताद्वारा प्रदान गरिने पूरक अनुदान सम्बन्धी समय सीमाहरु निम्नानुसार हुनेछन:

३.१ यो सम्झौता मिति ....गते/......महिना/........वर्षदेखि सुरु हुनेछ।

३.२ यो सम्झौताको म्याद मिति ......गते/..... .....महिना/..... ..... वर्षसम्म रहने छ।

३.३ दुबै पक्षको सहमति भएमा यस संझौताको समयावधिलाई यो सम्झौताको लिखित संशोधनबाट थप-घट समेत गर्न सकिनेछ।

**४. उप-आयोजनाको लगानी**

यस उप-आयोजनाको बजेट तलको तालिकामा उल्लेख भएबमोजिम हुनेछः

| उप-आयोजनाको बजेट | जम्मा रकम रु. | कूल लगानीको प्रतिशत |
|---|---|---|
| अनुदानग्राहीको लगानी रकम | | |
| अनुदानग्राहीले बैंक वा वित्तीय संस्थाबाट लिने ऋण रकम | | |
| आयोजनाको पूरक अनुदान रकम | | |
| अन्य निकायको सहयोग (यदि भएमा ) | | |
| **कूल जम्मा** | | |

## खण्ड–२

**५.उप-आयोजना कार्यान्वयनका शर्तहरु**

५.१ पूरक अनुदान रकम स्वीकृत उप-आयोजना पूर्ण प्रस्तावको कार्य योजनामा उल्लेखित शीर्षकहरुमा मात्र खर्च गर्न पाइनेछ र यो सम्झौताको संशोधन र आयोजनाको लिखित स्वीकृति बिना अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन ।
५.२ उप-आयोजनामा अनुदानग्राही वा उनीहरूका लाभग्राहीले व्यहोर्ने लगानीको अंश गणना गर्ने प्रयोजनको लागि प्रयोग भइरहेका स्थानीय सामग्री वा श्रमलाई अनुदानग्राहीको योगदान गणनामा समावेश गरिने छैन ।
५.३ प्रस्ताव गरिएको स्थान र मूल्य शृंखला परिवर्तन गरी उप-आयोजना सञ्चालन गर्न पाइने छैन ।
५.४ यो सम्झौतामा सुरु हुने भनेर उल्लेख गरिएको मिति भन्दा पहिले सम्पन्न भएका कार्यहरूमा अनुदान रकम खर्च गर्न पाइने छैन ।
५.५ उप-आयोजना सञ्चालन प्रक्रिया र उप-आयोजनाबाट प्राप्त हुने लाभ वितरणमा महिलाको हिस्सा सकेसम्म बढी हुनु पर्नेछ ।
५.६ उत्पादनमूलक गठबन्धनको खरिदकर्ताले कुनै अनुदान पाउने छैन ।
५.७ उप-आयोजना प्रस्तावक संस्थाले तोकेको सम्पर्क व्यक्तिनै आयोजनाको लागि सम्बन्धित संस्थाको आधिकारिक व्यक्ति हुनेछ । कुनै कारणवस सम्पर्क व्यक्ति परिवर्तन गर्नु परेमा संस्थाले अर्को योग्य व्यक्ति नियुक्त गर्नु पर्नेछ र नयाँ सम्पर्क व्यक्तिलाई उप-आयोजना र आयोजना बारे सम्पूर्ण जानकारी पनि उपलब्ध गराउनु पर्नेछ ।
५.८ अनुदान सम्झौतामा हस्ताक्षर गरिसकेपछि अनुदानग्राही संस्थाले अनुदान सम्बन्धी खाता र त्यसको खर्चको विवरण दुरुस्त राख्नु पर्नेछ ।
५.९ पूरक अनुदान प्राप्त गरी खरिद गरिएका पशुपन्छी र औजार उपकरणहरुको बीमा अनिवार्यरुपमा गर्नु पर्नेछ ।
५.१० उप-आयोजना कार्यान्वयनका सवै कानूनी सवालमा अनुदानग्राहीनै जवाफदेही र उत्तरदायी हुनेछ र यसबाट आयोजना वा आयोजना व्यवस्थापन कार्यालयलाई बाधा पर्न गएमा वा नोक्सानी भएमा सोको क्षति अनुदानग्राहीले व्यहोर्नु पर्नेछ ।
५.११ आयोजनाबाट पूरक अनुदान प्राप्त गर्ने आवेदक संस्थाले आयोजनाले तोकेको वातावरणीय र सामाजिक सुरक्षाका प्रावधानहरू पालना गर्नु पर्नेछ ।
५.१२ दुबै पक्षको सहमति भएमा लिखित रुपमा संशोधन गरी यस सम्झौताको समयावधिलाई थप-घट समेत गर्न सकिने छ ।
५.१३ आवेदक वा अनुदानग्राहीसँग स्वार्थ जोडिएका आयोजनाका कर्मचारीहरु सो आवेदकको उपआयोजना पूर्ण प्रस्ताव मूल्याङ्कन लगायतका अन्य प्रक्रियामा सहभागी हुने छैनन् ।
५.१४ अनुदानग्राहीले उप-आयोजनाको लेखा नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थासंग आबद्ध व्यावसायिक लेखापरीक्षक नियुक्ति गरी नियमितरुपमा परीक्षण गराउन पर्ने छ ।
५.१५ अनुदानग्राहीले प्रत्येक प्रतिवेदन अवधिको विस्तृत आय-व्यय विवरण तथा बैङ्क विवरण सम्पर्क व्यक्तिबाट प्रमाणित गराई आयोजनामा पेस गर्नु पर्नेछ ।
५.१६ आयोजनालाई आवश्यक पर्ने अन्य प्रगति प्रतिवेदनहरुका हकमा आयोजनाले तोके बमोजिम पेश गर्नुपर्ने छ ।

## ६. अधिकार र जिम्मेवारी

६.१ अनुदानग्राहीले उप-आयोजनाको काम र खर्चको पूर्ण तथा सही अभिलेख राख्नेछ । यस्तो खर्चको अभिलेख आयोजना निर्देशक वा निजले तोकेको पदाधिकारीलाई मागेको समयमा उपलब्ध गराउनु पर्नेछ ।

६.२ आयोजना निर्देशक वा निजले खटाएको कुनै पनि व्यक्तिले उप-आयोजनाको अनुगमन, निरीक्षण गर्न सक्नेछ र अनुदान रकमको सही व्यवस्थापनको लागि सुझाव दिन सक्नेछ । अनुदानग्राहीले त्यस्तो अनुगमनमा सहयोग गर्नुपर्ने छ र प्राप्त सुझावको कार्यान्वयन गर्ने जिम्मेवारी अनुदानग्राहीको हुनेछ ।
६.३ अनुदानग्राहीले स्वीकृत कार्ययोजना बमोजिम उप-आयोजनाको कार्यान्वयन गर्नुपर्ने छ । अनुगमन गर्दा उप-आयोजना कार्यान्वयन अवस्था सन्तोषजनक भएको नपाइएमा र सोको उचित कारण समेत नभएमा आयोजना व्यवस्थापन कार्यालयले अनुदान भुक्तानी रोक्का गर्न वा यो सम्झौता रद्द गर्न सक्नेछ ।
६.४ अनुदान रकम पूरा वा आंशिकरुपमा दुरुपयोग भई यो अनुदान सम्झौता रद्द गरिएको खण्डमा अनुदान प्राप्तकर्ताहरु सामूहिक र व्यक्तिगत दुबै रुपमा सो रकम आयोजनालाई सोधभर्ना दिन जिम्मेवार हुनेछन् ।

६.५ अनुदान प्राप्तकर्ता संस्था र कारोबारमा संलग्न यसका कार्यकारी तथा सम्पूर्ण कर्मचारीहरु यो सम्झौता र नेपालको प्रचलित कानून मुताविक अनुदानको सही सदुपयोगको लागि सामूहिक र व्यक्तिगत दुबै रुपमा उत्तरदायी हुनेछन् ।

६.६ अनुदानग्राही सहमत भए अनुसार उप-आयोजना कार्यान्वयन गर्न असमर्थ भएमा वा उपआयोजना कार्यान्वयन गर्नेक्रममा स्वीकृत कार्य योजनामा परिवर्तन गरेमा आयोजना निर्देशकले कम्तीमा १५ दिनको म्याद दिई लिखित स्पष्टिकरण सोध्न सक्नेछ र सो स्पष्टिकरणको जबाफ प्राप्त नभएमा वा प्राप्त जबाफ चित्त बुझ्दो नभएमा आयोजनाले यो सम्झौता रद्द गर्न सक्नेछ । यसरी सम्झौता रद्द गर्नु परेमा आयोजनाले कारण दिनेछ र आयोजनाको यस्तो निर्णय सम्बन्धमा कहीं कतै प्रश्न उठाउन वा क्षतिपूर्ति दावी गर्न पाइने छैन ।

६.७ यो सम्झौतामा हेरफेर, छुट वा परिवर्तन गर्नु पर्ने भए लिखित रुपमा गर्नु पर्नेछ र अनुदानग्राही, आयोजना वा आयोजना निर्देशकको तर्फबाट दस्तखत भएको हुनु पर्नेछ ।

६.८ यो सम्झौताको म्याद अन्त्य भएपछि पनि सम्झौतामा उल्लेखित जवाफदेहिता, प्रतिवेदन दिने, गोपनीयता राख्ने, बौद्धिक सम्पत्ति, प्रकाशन आदि र नेपालको प्रचलित ऐन अनुसार पालन गर्नु पर्ने तथा लागू हुने अन्य प्रावधानहरुको व्यवस्था अन्त्य भएको मानिने छैन ।

६.९ आयोजना वा आयोजना निर्देशकले यो सम्झौताको कुनै प्रावधान लागू गर्न नसकेमा सोही कारणले सम्झौता कार्यान्वयन गर्नमा कुनै छुट दिएको मानिने छैन ।

## ७. पूरक अनुदान रकम भुक्तानी

७.१ पूरक अनुदानको निकासा अनुदान रकमको सदुपयोग र उप-आयोजनाले हासिल गरेको सन्तोषजनक प्रगति तथा यथार्थ वित्तीय प्रतिवेदनको आधारमा गरिने छ। अनुदान किस्ता माग गर्ने अनुदानग्राहीले काम सम्पन्न भएपछि सम्पन्न कामको प्रतिवेदन र खर्चको विल भर्पाइ वा खर्च प्रमाणित गर्ने कागजात सहित विकेन्द्रीकृत आयोजना सहयोग इकाईमा सोधभर्ना माग गर्नेछन ।

७.२ व्यवसाय योजनामा प्रस्तावित कार्यहरु पूरा नगर्दासम्म र बैंकको ऋण सहित आफूले लगानी गर्नु पर्ने रकम खर्च गरेको प्रमाण पेस नगर्दासम्म अनुदान किस्ता सोधभर्ना भुक्तानी र उप-आयोजना सम्पन्न भएको प्रगति प्रतिवेदन आयोजनाले निर्धारण गरेको प्रगति प्रतिवेदनको ढाँचामा पेस नगर्दासम्म अन्तिम किस्ता भुक्तानी गरिने छैन ।

७.३ उप-आयोजनाको सम्पर्क व्यक्ति वा उप-आयोजनाले तोकेको र आयोजनाले अनुमोदन गरेको व्यक्तिले मात्र भुक्तानी सम्बन्धी दावी गर्न पाउने छ ।

७.४ आयोजनाले मूल्याङ्कनमा आधारित अनुदान भुक्तानी पद्धति पालना गर्नेछ। यसको अर्थ अनुदान रकम अनुदानग्राहीले अनुदान सम्झौतामा उल्लेखित कोसे ढुङ्गा र तोकिएका  क्रियाकलापहरू सम्पन्न गरेको स्थलगत मूल्याङ्कन प्रतिवेदनको आधारमा बढीमा ३ (तीन) किस्तामा उपलब्ध गराइने छ ।

अनुदान भुक्तानी तालिका

| **चरण** | **लगानी प्रतिवद्धता** | | **कार्य प्रगति** | **आयोजनाबाट हुने अनुदान भुक्तानी** |
|---|---|---|---|---|
| | **स्वलगानी** | **वित्तीय संस्थाको ऋण** | | |
| पहिलो कोसेढुंगा (माइलस्टोन) को कार्य प्रगति | ५० प्रतिशत | ५० प्रतिशत | पहिलो कोसेढुंगाको कार्य पूरा | पहिलो कोसेढुंगाको कूल खर्चको ५० प्रतिशत |

| | | | | |
|---|---|---|---|---|
| दोस्रो कोसेढुंगा (माइलस्टोन) को कार्य प्रगति | ५० प्रतिशत | ५० प्रतिशत | दोस्रो कोसेढुंगा को कार्य पूरा | दोस्रो कोसेढुंगाको कूल खर्चको ५० प्रतिशत |
| अन्तिम कार्य सम्पन्न | | | अन्तिम कार्य सम्पन्न प्रतिवेदन पेस | सम्झौता अनुसारको भुक्तानी गर्न बाँकी रकम |

७.५ आयोजनाले पूरक अनुदानको भुक्तानी अनुदानग्राहीको निम्न बैंक खातामा गर्ने छ।

| |
|---|
| **बैङ्कको नाम तथा ठेगाना :** |
| **बैङ्क खाताको नाम :** |
| **बैङ्क खाता नं. :** |
| **बैङ्क खाता को किसिम :** |
| **खाता सञ्चालकको नाम तथा पद :** |

## ८. सम्झौता रद्द हुनसक्ने

८.१ निम्न अवस्थामा कुनै एक पक्षले अर्को पक्षलाई लिखित सूचनाद्वारा जानकारी गराएर यो सम्झौता अन्त्य गर्न सकिनेछः

(क) स्वीकृत कोसे ढुंगा पूरा गरेर अनुदान रकम सोधभर्ना माग गरेको ३ महिना भन्दा वढि ढिला हुन गई अनुदानगग्राहीले करार रद्ध गर्न चाहेमा।

(ख) कुनै एक पक्षले यो सम्झौताको कुनै शर्त भङ्ग गरेमा र त्यसबारेमा अर्को पक्षले लिखित जानकारी गराएको १४ दिन भित्र पनि सुधार नभएमा।

(ग) अनुदानग्राहीले गरेको कुनै कामबाट आयोजना विवादमा आउने वा बदनाम हुने कुरामा आयोजना निर्देशक विश्वस्त भएमा।

(घ) दामासाही सम्बन्धी ऐन, २०६३ अन्तर्गत अनुदानग्राही विरुद्ध कुनै कानूनी कारवाही सुरु भएमा।

८.२ अनुदानग्राहीले आफ्नो जिम्मेवारी पूरा गर्न नसकी सम्झौता रद्द भएमा अनुदानग्राहीले सो मितिसम्म प्राप्त गरेको अनुदान रकम आयोजना निर्देशकले तोकेको खातामा आयोजना निर्देशकले माग गरेको पाँच दिन भित्र जम्मा गर्नु पर्नेछ।

८.३ आयोजना निर्देशकद्धारा माग दाबी गरिएको रकम अनुदानग्राहीले समय भित्रै फिर्ता नगरेमा कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ र यस्तो कानूनी प्रक्रियामा लागेको सम्पूर्ण खर्च समेत अनुदानग्राहीबाट असुल गरिने छ।

८.४ तर, आगलागी, चट्याङ्ग, बाढी, आँधी, भूकम्प जस्ता प्राकृतिक प्रकोपहरु, विष्फोटन, न्यायालयको आदेश, सरकारी हस्तक्षेप, हुल्दङ्गा, युद्ध, हडताल, मजदुर आन्दोलन र यस्तै काबु बाहिरका अन्य अवस्थाले गर्दा यो सम्झौताले तोकेको कुनै जिम्मेवारी पूरा गर्न ढिलाई वा असफल भएमा सोको लागि अनुदानग्राही, आयोजना वा आयोजना निर्देशक कुनै पनि पक्ष जिम्मेवार मानिने छैनन्।

८.५ यो सम्झौतामा संलग्न पक्षहरु बाहेक कुनै तेस्रो पक्षको कारणले व्यवसाय योजना कार्यान्वयन पूरा हुनु अगावै सम्झौता अन्त्य हुनु पर्ने अवस्था आएमा आयोजना निर्देशकले निर्णय गरे अनुसार अनुदान प्राप्तकर्ताले व्यहोर्नु परेको क्षतिको रकम आयोजनाले भुक्तानी गर्नेछ।

८.६ अनुदानग्राहीले आयोजनाबाट प्राप्त जानकारी, गोप्य सूचनाहरु र अन्य वौद्धिक सम्पत्ति सम्बन्धी विवरणहरु सम्झौता रद्द भए उपरान्त पनि गोप्य नै राख्नु पर्नेछ।

## ९. विवाद निरुपण

९.१ सम्झौता सम्बन्धमा अनुदानग्राही र आयोजनाबीच विवाद उत्पन्न भएमा दुबै पक्ष आपसमा मिलेर विवाद समाधान गर्नेछन् ।
९.२ दुबै पक्ष समझदारीमा पुग्न नसकेमा मध्यस्थता ऐन, २०५५ अनुसार नियुक्त गरिएका मध्यस्थकर्ताको सहयोगद्वारा विवाद निरुपण गरिनेछ ।
दुबै पक्षले यो सम्झौता गरी एक-एक सक्कल प्रति लियौं र दियौं ।

| | |
|---|---|
| अनुदान ग्राही तर्फबाट दस्तखत गर्नेको:<br>नाम: | आयोजनाको तर्फबाट दस्तखत गर्नेको:<br>नाम: |
| पद | पद |
| उत्पादक संस्थाको नाम र छाप | कार्यालयको नाम र छाप |
| मिति | मिति |
| साक्षी बस्नेको<br>नाम: | साक्षी बस्नेको<br>नाम: |
| | पद |
| ठेगाना र सम्पर्क नम्बर | ठेगाना र सम्पर्क नम्बर |

**विविध**

यी कागजपत्रहरु समेत सम्झौताका अङ्ग मानिने छन् ।

क). अनुदानग्राहीले आयोजनामा पेसगरेको उप-आयोजना पूर्ण प्रस्ताव ।

ख). सम्झौतामा संलग्न उप-आयोजना कार्यान्वयन गर्ने कार्य योजना ।

ग). उप-आयोजनाको लागत साझेदारी विवरण ।